खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

वर्ष १ | अंक २४ | २०७९ साल मंसिर १७ गते शनिवार | Saturday 3, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-



युक्रेन युद्धले युरोप "पर्याप्त शक्तिशाली छैन"
पृष्ठ ७ मा

भित्र

पृष्ठ २ मा
प्रदेशसभा सदस्य क्षेत्री सम्मानित

पृष्ठ ३ मा
प्रतिनिधि सभामा एक दर्जन कुन दलबाट को को विजयी ?

पृष्ठ ४ मा
नियन्त्रणात्मक तथ्याङ्क कानुन

पृष्ठ ५ मा
महगी बढ्ने : राष्ट्र बैक

पृष्ठ ६ मा
रोकिएन बालविवाह

पृष्ठ ७ मा
चीनमा लगानीका लागि विदेशी कम्पनीलाई स्वागत

पृष्ठ ८ मा
किसानले मल बीउ व्यवस्था गर्ने

## को हुने हुन् मधेशका मुख्यमन्त्री !

### कांग्रेसका ३ एमालेका ३ दौडमा

मधेशदृष्टि
जनकपुर, मंसिर १६



मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचन अन्तर्गत प्रदेश सभाको समानुपातिकतर्फको मतगणना नसकिदै मधेस प्रदेशमा सरकार नेतृत्वको कसरत शुरु भएको छ ।

दलगत हिसाबमा प्रतिपक्षी गठबन्धनका नेकपा (एमाले) पहिलो भएपनि बहुमत नजिक रहेका सत्तारुढ गठबन्धन भित्र सरकार नेतृत्वको मुख्यमन्त्री पदका लागि आन्तरिक रुपमा कसरत शुरु भएको हो ।

समानुपातिकतर्फ कांग्रेस पहिलो र एमाले दोस्रो भएका छन् । मधेश प्रदेशमा सत्ता गठबन्धनका दलले प्रत्यक्ष र समानुपातिक गरी ४६ सिट जित्ने निश्चित रहेको छ ।

जसमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ १३ र समानुपातिकमा ९ गरी कूल २२ सिट, माओवादी केन्द्रको प्रत्यक्षमा ४ र समानुपातिकमा ४ गरी ८ सिट, लोसपाको प्रत्यक्षमा ७ र समानुपातिकमा ३ गरी कूल १० सिट, नेकपा एकीकृत समाजवादीको प्रत्यक्षमा प्रत्यक्षमा ४ र समानुपातिकामा ३ गरी कुल ७ सिट गरी ४७ सिट आउने निश्चित छ ।

उता एमाले र जनता समाजवादी पार्टी (जसपा) गठबन्धनले प्रत्यक्ष र समानुपातिक गरी ३८ सिट जितेका छन् । जसमा एमालेले प्रत्यक्षमा १५ र समानुपातिकमा आठ गरी २३ सिट र जसपाले प्रत्यक्षतर्फ नौं र समानुपातिकमा ६ गरी १५ सिट आउनेछ ।

प्रदेशमा प्रत्यक्षतर्फ ६४ र समानुपातिकतर्फ ४३ गरी एक सय सात सिटमा सरकार बनाउन ५४ सिट चाहिएको छ । जनमत पार्टीलाई दुवै गठबन्धनलाई आवश्यकता पर्छ । दुवै गठबन्धनका लागि जनमत निर्णायक बन्न पुगेकाले सत्तारुढ गठबन्धनले जनमतलाई सरकारमा ल्याउन औपचारिक कदम उठाइसकेका छन । जनमत पार्टीको सहयोग गरे प्रत्यक्षमा ६ र समानुपातिकमा ७ गरी १३ सिट आउनेछ ।

सत्ता गठबन्धनलाई सरकार बनाउन ७ सांसद आवश्यक छ भने एमाले गठबन्धनलाई १६ सांसद आवश्यक पर्छ । जनमतलाई सरकारमा सामेल गरयो भने सत्तारुढ गठबन्धनलाई बहमुत पुग्छ भने प्रतिपक्षी गठबन्धनलाई पुग्दैन स्वतन्त्र सांसदको मिलाउनुपर्छ ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र जनमत पार्टीका अध्यक्ष डा. सिके राउतबीच सत्ता गठबन्धनमा आउनका लागि सहमति भएसँगै सत्ता गठबन्धनकै सरकार बन्ने सम्भावना बढेको छ । सरकारमा सामेल हुने जनमतको सहमति पश्चात कांग्रेसभित्र मुख्यमन्त्री पदका लागि रस्साकस्सी शुरु भइसकेको छ ।

सत्तारुढ दलका नेतृत्वकर्ता नेपाली कांग्रेस भित्र मधेश

- *बाँकी पृष्ठ ६ मा*

## जग्गा विवादमा एकको हत्या, तीन घाइते, दुई पक्राउ

मधेशदृष्टि
जनकपुर, मंसिर १६

मधेशदृष्टि
जनकपुर, मंसिर १६ ।

जग्गा सम्बन्धी दुई परिवारबीचको विवादमा धनुषामा एक व्यक्तिको हत्या भएको छ भने तीनजना घाइते भएका छन् ।

मिथिला बिहारी नगरपालिका ४ रमौलमा जग्गाको विषयलाई लिएर दुई परिवारबीच भएको विवादमा झैंझगडा हुँदा घरेलु हतियार प्रहारबाट बाट स्थानीय ५३ वर्षीय प्रभु यादवको हत्या भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

बिहीबार राति साढे ९ बजेको समयमा मृतक प्रभु यादव र छिमेकी सुरज यादवको परिवारबीच जग्गा सम्बन्धी विवाद हुँदा घरेलु हतियार प्रहारबाट उनको मृत्यु भएको जिप्रका धनुषाका प्रवक्ता डिएसपी दिपक रायले बताएका छन् ।



उनले भने 'विवादले भएको झैंझगडाको क्रममा सुरज यादव परिवारको

- *बाँकी पृष्ठ ६ मा*

## नागरिकताका लागि आन्दोलन गर्ने महासेठको चेतावनी

मधेशदृष्टि
जनकपुर, मंसिर १६

मधेशदृष्टि
जनकपुर, मंसिर १६ ।

नेकपा एमालेका सचिव एवं धनुषा ४ बाट नवनिर्वाचित प्रतिनिधि सभा सदस्य रघुवीर महासेठले सरकार बनेको तीन महिनाभित्र जन्मसिद्ध नागरिकका छोराछोरीहरुलाई नागरिकता नदिए मधेशभरि नै आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

शुक्रबार

- *बाँकी पृष्ठ ६ मा*







मधेश प्रदेश प्रकाशन समूहका अध्यक्ष ध्रुव साहका छोरा राहुल कुमार साह एवं मोनिका साह मंसिर १६ गते वैवाहिक बन्धनमा बाँधिनुभएकोमा उहाँहरुको सफल दामपत्य जिवनको शुभकामना व्यक्त गर्दछौं ।

अर्जुन मण्डल
अध्यक्ष
जनकनन्दनी एफ.एम.



नारायणी नदी किनारमा पुरिएको फोहोर निकालेर व्यवस्थापन गर्न माग गर्दै भरतपुर महानगरपालिका परिसरमा धर्नामा बसेका युवा ।

*तस्बिर : कृष्ण आचार्य/रासस*

# प्रदेशसभा सदस्य क्षेत्री सम्मानित



मधेशदृष्टि
वीरगञ्ज, मंसिर १६ ।

गएको मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा चुनावमा प्रदेशसभा सदस्य पदमा बिजयी भएका नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्रीलाई नेपाल विद्यार्थी संघ पर्साले सम्मान गरेका छन । पर्सा जिल्लाबाट नेपाली कांग्रेस पर्साका सभापति एवं निर्वाचित प्रदेशसभा सदस्य जनार्दन सिंह क्षेत्रीलाई एक कार्यक्रमकाबीच सम्मान गर्दै मधेश प्रदेशको मुख्यमन्त्री बन्न प्रस्ताव समेत गरे ।

सो सम्मान कार्यक्रममा बोल्दै संघका अध्यक्ष रमेश यादवले क्षेत्रीलाई कार्यकालको शुभकामना दिदैं मुख्यमन्त्री पदका लागि प्रस्ताव गरे । संघले नवनिर्वाचित प्रदेशसभा सदस्य क्षेत्रीकै निवासमा पुगेर सम्मान तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

सो सम्मान कार्यक्रममा पर्सा क्षेत्र नं. २ (२) को सचिव मनोज साह ,पुर्व उपाध्यक्ष साबिर हुसेन ,सचिव फिरोज अन्सारी ,महानगर अध्यक्ष धिरज गुप्ता ,राजाबाबु चौरसिया, बिटु पटेल,नसिम अन्सारी ,आकश यादव ,महिला नेतृ यादव ,पुश्पा पटेल ,प्रभु साह,बिनोद झा, साथै विद्यार्थी नेताको उपस्थिति थियो ।

# विद्यार्थीलाई गुन्द्री बुन्नेदेखि दुनाटपरी तयार गर्ने सीप



रामपुर (पाल्पा), १६ मंसिर (रासस): आधुनिकताका नाममा परम्परागत गुन्द्री बुन्ने, दुनाटपरी बनाउने चलन हराउँदै गएको अवस्थामा यहाँको एक विद्यालयले प्रयोगात्मकसँगै व्यवहारिक ज्ञान, सीप सिकाउने अभियान थालेको छ ।

कक्षाकोठाभित्र पढाइने सैद्धान्तिक ज्ञानले मात्रै सिकाइ पूर्ण हुननसक्ने वास्तविकतालाई आत्मसात् गर्दै पाल्पाको रामपुरस्थित भूपू सैनिक राइजिङ इङ्लिस स्कुलले विद्यार्थीमा व्यवहारिक ज्ञान, सीप सिकाउने उद्देश्यका साथ परम्परागतरूपमा चलनचल्तीका सीप सिकाउने कार्य गरिरहेको छ ।

यहाँ गाउँघर, समाजमा दैनिक प्रयोगमा आउने गुन्द्री, दुनाटपरी तयार पार्नेजस्ता सीप सिकाउन थालिएको हो । हाललाई कक्षा ९ का विद्यार्थीलाई मात्रै सिकाउने गरिएको छ ।

विद्यालयको प्राङ्गणमा तान लगाएर गुन्द्री बुन्ने, दुनाटपरी तयार पारेको दृश्यले शिक्षक, अभिभावक, विद्यार्थीमा नयाँ कुरा सिक्ने र सिकाउने कार्यमा उत्साह थपिएको छ । बढ्दो आधुनिकताले गर्दा गाउँघरमा सबैले पुराना कुरा बिर्सिंदै गएको अवस्थामा विद्यालयमा सीप सिक्न पाउने अवसर मिलेको छात्रा नमूना गौतमले बताउँछिन् । "नियमित प्रयोग गर्दै आएका वस्तुका लागि अहिले बजारका प्लाष्टिकजन्य सामग्रीम निर्भर रहनुपर्ने अवस्था छ", उनी भन्छिन्, "आफैंले घरमै तयार पारेर प्रयोग गर्न मिल्ने सामग्री हामी अन्यत्र आश्रित हुनुहुँदैन, विद्यालयले हाम्रो जीवनोपयोगीमा अति उपयोगी हुने सीप सिक्ने वातावरण बनाइदिएको छ ।" गुन्द्री, दुनाटपरी समाजमा अनिवार्यरूपमा प्रयोग भइरहने वस्तु हुन् । सैद्धान्तिक सिकाइले कण्ठ गर्ने मात्र हुन्छ । छात्रा सभ्यता जिसी घरमा प्रयोग गरिए तापनि सीप सिक्ने मौका नमिलेको अवस्थामा विद्यालमै आएर सिक्न पाउँदा रमाइलो लागेको बताइन ।

> छात्रलाई वायरिङ, प्लम्बिङजस्ता तालिम सिकाउने विद्यालयले योजना बनाएको छ । कक्षामा १३ छात्रा र २७ छात्र अध्ययनरत छन् ।

आफ्ना संस्कार, संस्कृतिको जगेर्ना गर्न नसक्दा परम्परागत संस्कृति लोपोन्मुख हुँदै गएको छ । अहिलेलाई कक्षा ९ का विद्यार्थीलाई मात्र सिकाइएको सीप क्रमिकरूपमा अन्यलाई पनि सिकाइनेछ ।

घरमा प्रयोग हुने गरे पनि सिक्ने समय नमिल्ने अर्थात् नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा अहिले गुन्द्री बुन्ने, दुनाटपरी बुन्नेजस्ता कार्यमा नयाँ पुस्ता अन्योलमा छ । उनीहरूलाई मध्यनजर गर्दै दैनिक प्रयोगमा आउने र पुरानो चलनचल्तीलाई नयाँ पुस्तामा ज्ञान, सीप सिकाउन विद्यालयभित्रै प्रयोगात्मक ज्ञान, सीप सिकाउने गरिएको हो ।

शिक्षण सिकाइमा प्रयोगात्मक सिकाइअन्तर्गत विद्यार्थीलाई नयाँ कुरा सिकाउने र प्राचीनरूपमा घरमा प्रयोग हुँदै आएको तर अहिलेका पुस्तामा सीप हस्तान्तरण नहुँदा प्रयोग कम हुँदै गएको अवस्थामा विद्यालयमा नै सीप सिकाउने कार्य सुरु गरिएको प्रिन्सिपल गोपी सिग्देलले बताउँछन् । "विद्यार्थीले असाध्यै उत्साहित भएर ज्ञान, सीप सिक्ने गरिरहेका छन्, अभिभावकले पनि घरमा सिकाउने समय नमिलेको अवस्थामा विद्यालयमा नै सिकाइएको यस सीपलाई सकारात्मकरूपमा लिनुभएको छ, छात्राहरू यससम्बन्धी सीप सिक्न पाउँदा खुसी छन्", सिग्देल भन्छन् ।

थोरै समयमा आफ्नो समय तालिका अनुसार उत्साहित भएर विद्यार्थीले सीप सिक्ने गरेको शिक्षक ईश्वरीदेवी श्रेष्ठ कथन छ ।

श्रेष्ठका अनुसार दैनिक ४० मिनेटको समय पालैपालो सिकाइने गरिएको छ ।


लोप भएको कुरालाई उजागर् गर्दै विद्यार्थीको पढाइमा असर नपर्ने गरी पुराना सीप जुन अनिवार्य प्रयोगमा आइरहन्छन्, सो सीपलाई सिकाउन थालिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार श्रेष्ठले बताए । अहिलेलाई छात्रालाई दुनाटपरी, गुन्द्री बुन्नेजस्ता सीप सिकाइएको छ । विस्तारै बत्ती काट्ने सीप सिकाउने विद्यालयले जनाएको छ । छात्रलाई वायरिङ, प्लम्बिङजस्ता तालिम सिकाउने विद्यालयले योजना बनाएको छ ।

कक्षा ९ मा हाल ४० विद्यार्थीमध्ये १३ छात्रा र २७ छात्र अध्ययनरत छन् । मन्टेश्वरीदेखि कक्षा १२ सम्म पठनपाठन हुने यस विद्यालयमा हाल एक हजार २० विद्यार्थी अध्ययनरत छन् ।

कक्षा ६ देखि ८ सम्मका विद्यार्थीलाई विभिन्न खाजा, खानाको परिकार बनाउने कार्य, बिरुवा रोपण, विद्यालय प्राङ्गणमा करेसाबारी निर्माण, सरसफाइजस्ता कार्यक्रम भइरहेका छन् । विद्यालयको आन्तरिक स्रोत र नेपाल-भारत सहयोगमा दुई स्कुल बस नियमित सञ्चालनमा छन् । विद्यालयमा रामपुरबाहेक स्याङ्जाको दामाचौर, माडी, साँखर र तनहुँको अत्रौली, पुट्टार क्षेत्रका विद्यार्थी दैनिकरूपमा बसमा विद्यालय आउँछन् ।

स्कुल बसको सुविधा भएपछि टाढाका विद्यार्थी घरबाटै यहाँ पढ्न आउने गरेका छन्। मन्टेश्वरीदेखि कक्षा १ सम्मका विद्यार्थीलाई विद्यालयमा नै एक कर्मचारी व्यवस्था गरी खाजा बनाएर खुवाउने गरिएको छ । यहाँ ५२ शिक्षक कर्मचारी कार्यरत छन् ।

# प्रतिनिधिसभा : ४० वर्षमुनिका १० र ७० माथिका १४ सांसद




प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपान्तरण र युवा पुस्ताको प्रतिनिधित्वको कुरा प्रखररुपमा उठे पनि चुनावी परिणाम भने त्यस्तो देखिएन । पछिल्लो मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ निर्वाचन क्षेत्रमध्ये ४० वर्षमुनिका नौ जनामात्र निर्वाचित भएका छन् । राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ ।

नेपालको जनसङ्ख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कूल जनसङ्ख्याको ४० दशमलव ३५ प्रतिशत रहेको छ । त्यस्तै ७० वर्षमाथिका भने १४ जना निर्वाचित भएको निर्वाचन आयोगको तथ्याङ्कमा उल्लेख छ । साथै सबैभन्दा बढी ४० देखि ७० वर्ष उमेर समूहमा एक सय ३८ जना निर्वाचित भएका छन् । यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनअन्तर्गत प्रतिनिधिसभाको प्रत्यक्षका एक सय ६५ निर्वाचन क्षेत्रमध्ये शुक्रबारसम्म एक सय ६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ । प्राप्त मतपरिणामअनुसार ४० वर्षमुनिको उमेर समूहबाट नेपाली कांग्रेसका मुस्ताङबाट २९ वर्षका योगेश गौचन थकाली, नेकपा (एमाले) का बारा-२ बाट ४० वर्षीया ज्वालाकुमारी साह र मकवानपुर-२ बाट ४० वर्षीय महेशकुमार बर्तौला तथा नेकपा (माओवादी केन्द्र) का मोरङ-४ बाट ३७ वर्षीय अमनलाल मोदी हुन । यस्तै ४० वर्ष उमेर समूह मुनिका राष्ट्रिय प्रजातन्त्र पार्टीका जुम्लाबाट ३० वर्षीय ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीका काठमाडौँ-२ बाट २७ वर्षीया सोविता गौतम, ललितपुर-३ बाट ३३ वर्षीया तोसिमा कार्की, चितवन-१ बाट ३९ वर्षीय हरि ढकाल हुन । नागरिक उन्मुक्ति पार्टीका कैलाली-१ बाट ३९ वर्षीया रञ्जिता श्रेष्ठ र कैलाली-२ बाट ३७ वर्षीय अरुनकुमार चौधरी सो उमेर समूहमा रहनुभएको तथ्याङ्मा उल्लेख छ ।

७० वर्ष माथिका सांसद यसैगरी ७० वर्ष माथिको उमेर समूहमा कांग्रेसका डडेल्धुराबाट प्रधानमन्त्री एवं सभापति ७७ वर्षीय शेरबहादुर देउवा, तनहुँ-१ बाट ७८ वर्षीय रामचन्द्र पौडेल, नुवाकोट-२ बाट ७५ वर्षीय अर्जुननरसिंह केसी, उदयपुर-१ बाट ७३ वर्षीय डा नारायण खड्का, मोरङ-६ बाट ७२ वर्षीय डा शेखर कोइराला हुन् ।

यस उमेर समूहमा एमालेका झापा-५ बाट ७० वर्षीय केपी शर्मा ओली र कपिलवस्तु-३ बाट ७७ वर्षीय मङ्गलप्रसाद गुप्ता रहनुभएको छ भने नेकपा (माओवादी केन्द्र)का सर्लाही-२ बाट महिन्द्र राय यादव छन् । जनता समाजवादी पार्टी नेपालका ७३ वर्षीय नवलकिशोर साह सुडी, राष्ट्रिय प्रजातन्त्र पार्टीका रुपन्देही-३ बाट ७१ वर्षीय दीपक बोहरा र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)-२ बाट ध्रुवबहादुर प्रधान ७० वर्षभन्दा माथिको उमेर समूहका छन् ।

त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महोत्तरी-३ बाट ८० वर्षीय महन्थ ठाकुर र रुपन्देही-४ बाट ७२ वर्षीय सर्वेन्द्रनाथ शुक्ला तथा राष्ट्रिय जनमोर्चाका बागलुङ-१ बाट ८० वर्षीय चित्रबहादुर केसी यस उमेर समूहका हुन् ।

रासस

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज आफन्त सँग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
सरकारी निकायको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । परिवारमा झैझमेलाको अवस्था आउला, साँझमा शुभ समाचार पाइनेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
अरुलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । पारिवारिक सद्भाव बढ्नेछ । व्यापारव्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । आँटेको र ताकेको कार्य पुरा होला । पुँजी बजारमा पनि फाइदा हुनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
बन्न लागेको काम बिग्रनेछ । प्रेममा बाधाका साथै मन कमजोर रहला । दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव पनि बढ्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज रोकिएको धन पाइन सक्छ । धर्म, कर्म, परोपकार र समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । पदोन्नतिको सम्भावना प्रबल छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज लाभहानी, सुखदु:ख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । वैदेशिक कार्य चैं सम्पादन हुनसक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज शुभ समाचार सुन्न पाइएला । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । आकस्मिक धन लाभ हुनेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । प्रेम जीवन सुखमय नै हुनेछ ।



जाजरकोटको बारेकोट गाउँपालिका-५ स्थित खम्बडाँडामा रहेको सौर्य मिनिग्रेडको निरीक्षण गर्नुहुँदै कर्णाली प्रदेशका जलस्रोत तथा ऊर्जा विकासमन्त्री रातो कामी । यो मिनिग्रेडबाट १७० किलोवाट विद्युत् उत्पादन भई ४२२ घरधुरीलाई सेवा पुगेको छ। *तस्बिरः हेमन्त केसी/रासस*

# समर्थन मुल्यमा धान खरिद गर्न संघर्ष समितिको माग

मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
किसान हक हित संघर्ष समिति पर्साले सरकारले तोकेको धानको समर्थन मुल्यमा खरिद गर्न खाद्य संस्थानले अटेरी गरेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ ।

किसान हक हित संघर्ष समिति पर्साका अध्यक्ष सहरुम राउत गद्दीको नेतृत्वमा शुक्रबारल पर्साका प्रमुख जिल्ला अधिकारी मार्फत बाणिज्य तथा आपूर्ति मन्त्रीलाई बुझाईएको ज्ञापन पत्रमा मल, विउ र सिंचाईको अभावमा किसानहरुले भोग्नु परेको समस्या सँगै अहिले उत्पादन गरेको धानले उचित मुल्य नपाउँदा किसान दोहोरो मारमा परेको कुरा उल्लेख गरिएको छ ।

नेपाल सरकारले यस बर्ष धानको समर्थन मुल्य प्रति क्वीन्टल ३ हजार १ सय ६८ रुपैया तोकेकोमा अहिलेसम्म खाद्य संस्थानले धान खरिदमा कुनै चासो नदेखाउँदा विचौलिया व्यापारीहरुलाई किसानहरुले प्रति क्वीन्टल २ हजार ४ सय रुपैयामा धान विक्री गर्न बाध्य भएको हुँदा यस तर्फ सरकारको गम्भिर रुपमा ध्यानाकर्षण हुनु पर्ने कुरा उल्लेख गरिएको छ । विज्ञप्तीमा किसानको धान विचौलिया व्यापारीले निर्धारण गरिएको मुल्य भन्दा झण्डै प्रति क्वीन्टल ७ सय रुपैया कम दिएर खरिद गरिएको हुँदा अविलम्व यस्ता गतिविधि बन्द गरी किसान मारा व्यापारीलाई कारवाही गर्न माग समेत गरिएको छ ।

# रौतहटमा १ सय ६८ जना उम्मेदवारको जमानत जफत

मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएका रौतहटका ९० प्रतिशत भन्दा बढी उम्मेदवारहरुको जमानत जफत भएको छ । रौतहटमा २ सय ७ जना प्रतिनिधि र प्रदेश सभाका उम्मेदवार मध्ये प्रतिनिधिसभातर्फ ५८ र प्रदेशसभातर्फ १ सय १० गरी १ सय ६८ जनाले जमानत जोगाउन नसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । रौतहटमा प्रतिनिधि सभातर्फका ४ निर्वाचन क्षेत्रमा ६७ जनाको उम्मेदवारी परेको थियो भने प्रदेशसभातर्फका ८ क्षेत्रमा १ सय ४० जना उम्मेदवारी दिएका थिए । जमानत जफत हुनेमध्ये सबैजसो स्वतन्त्र उम्मेदवार रहेका जिल्ला निर्वाचन अधिकृत छोटेलाल दासले बताउनुभयो । एक उम्मेदवारले चुनावी प्रचारका लागि २ वटा गाडी र सोहीअनुसार मतदानस्थल र गणनामा प्रतिनिधि राख्न पाउँछन ।

सोही सुविधा लिन केही बलिया उम्मेदवारले आफैंविरुद्ध स्वतन्त्र उम्मेदवार खडा गरेका थिए । यही कारण जमानत जफत भएकमध्ये अधिकांश स्वतन्त्र उम्मेदवार परेको दासको भनाइ छ ।

रौतहट क्षेत्र-४ का स्वतन्त्र उम्मेदवार भवनाथ घिमिरेले १६ मत पाउनु भएको थियो । घिमिरे कांग्रेसका देवप्रसाद तिमल्सिनाका डमी उम्मेदवार बन्नु भएको र अर्का स्वतन्त्र उम्मेदवार अविरण घिमिरेले पनि जम्मा ६२ मत प्राप्त गरी जमानत जफत भएको थियो घिमिरे एमालेका उद्धव रेग्मीको डमी उम्मेदवारको रूपमा मैदानमा उत्रिनु भएको थियो ।

# प्रतिनिधि सभामा एक दर्जन दल कुन दलबाट को को विजयी ?

मधेशदृष्टि
जनकपुर, मंसिर १६ । मंसिर ४ गते सम्पन्न आम निर्वाचनको नतिजा अन्तिम चरणमा रहेको छ । प्रतिनिधि सभाको प्रत्यक्षतर्फ ३ सिटको परिणाम आउन बांकी रहेको छ भने समानुपातिकतर्फको मतगणना जारी नै छ ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सय ६५ मध्ये एक सय ६२ स्थानको नतिजा आइसकेको छ । स्याङ्जा निर्वाचन क्षेत्र नं २, दोलखा निर्वाचन क्षेत्र नं १ र बाजुरा निर्वाचन क्षेत्र नं १ मा मतगणना जारी छ ।

निर्वाचन आयोगबाट प्राप्त तथ्यांक अनुसार हालसम्म नेपाली कांग्रेस ५५ स्थानमा विजयी भई ठूलो दल बनेको छ । नेकपा (एमाले) ४४, नेकपा (माओवादी केन्द्र) १७, नेकपा (एकीकृत समाजवादी) १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी सात/सात र लोकतान्त्रिक समाजवादी पार्टी चार स्थानमा जित हासिल गरेका छन ।

यस निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टी एक/एक स्थान तथा पाँच स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । मतगणना चलिरहेको स्याङ्जा र बाजुरामा कांग्रेस तथा दोलखामा माओवादी केन्द्रका उम्मेदवारले अग्रता कायम गरेका छन् ।



आयोगको पछिल्लो तथ्याङ्क अनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ राजनीतिक दलका उम्मेदवार विजयी भएका छन् । प्रतिनिधिसभामा एक सय ६५ प्रत्यक्ष र एक सय १० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचत हुने व्यवस्था छ ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसबाट विश्वप्रकाश शर्मा, दीपक खड्का, सीता गुरुङ, डिगबहादुर लिम्बु, सुनीलकुमार शर्मा, डा शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, रामहरि खतिवडा, डा नारायण खड्का, दिनेशकुमार यादव, तेजुलाल चौधरी, रामकृष्ण यादव, महेन्द्रकुमार यादव, देवप्रसाद तिमलसेना, अजयकुमार चौरसिया, रमेश रिजाल, पूर्णबहादुर तामाङ र श्याम घिमिरे निर्वाचित भएको छ । मोहन आचार्य, रामनाथ अधिकारी, अर्जुननरसिंह केसी, प्रकाशमान सिंह, सन्तोष चालिसे, गगनकुमार थापा, प्रदीप पौडेल, राजेन्द्रकुमार केसी, दुर्लभ थापा क्षेत्री, उदयशम्शेर राणा, मोहनबहादुर बस्नेत, राजेन्द्र बजगाइँ, टेकबहादुर गुरुङ, रामचन्द्र पौडेल, शङ्कर भण्डारी, राजु थापा र शशाङ्क कोइराला विजयी भएको छ ।

त्यस्तै विष्णुकुमार कार्की, योगेश गौचन थकाली, खमबहादुर गर्बुजा, चन्द्रकान्त भण्डारी, सुरेन्द्रराज आचार्य, दीपक गिरी, किशोरसिंह राठोर, सञ्जयकुमार गौतम, विनोदकुमार चौधरी, ऐनबहादुर शाही ठकुरी, दिक्पालकुमार शाही, पूर्णबहादुर खड्का, हृदयराम थानी, पुष्पबहादुर साह, वीरबहादुर बलायर, डिल्लीराज पन्त, दीलेन्द्रप्रसाद बडू, शेरबहादुर देउवा, नारायणप्रकाश साउद र रमेश लेखक निर्वाचित भएका छन् ।

नेकपा (एमाले)बाट योगेश भट्टराई, वसन्तकुमार नेम्वाङ, महेश बस्नेत, सुवासचन्द्र नेम्वाङ, देवराज घिमिरे, लालप्रसाद साँवा लिम्बू, केपी शर्मा ओली, राजेन्द्रकुमार राई, ऋषिकेश पोखरेल, भीमप्रसाद आचार्य, भगवती चौधरी, मानवीर राई, अम्बरबहादुर रायमाझी, रामशङ्कर यादव, लिलानाथ श्रेष्ठ, जुलीकुमारी महतो (महासेठ), रघुवीर महासेठ, लक्ष्मी महतो कोइरी, हरिप्रसाद उप्रेती, अच्युतप्रसाद मैनाली, ज्वालाकुमारी साह र राजकुमार गुप्ता निर्वाचित भएको छ ।

यसैगरी कृष्णगोपाल श्रेष्ठ, प्रेमबहादुर महर्जन, गोकुलप्रसाद बाँस्कोटा, महेशकुमार बर्तौला, पृथ्वीसुब्बा गुरुङ, मनबहादुर गुरुङ, विद्या भट्टराई, दामोदर पौडेल वैरागी, पदम गिरी, गोकर्णराज विष्ट, नारायणप्रसाद आचार्य, ठाकुरप्रसाद गैरे, टोपबहादुर रायमाझी, छविलाल विश्वकर्मा, विष्णुप्रसाद पौडेल, वासुदेव घिमिरे, बलराम अधिकारी मङ्गलप्रसाद गुप्ता, सूर्यबहादुर थापा क्षेत्री, सूर्यप्रसाद ढकाल, दामोदर भण्डारी र तारा लामा तामाङ निर्वाचित भएका छन् ।

माओवादी केन्द्रका तर्फबाट सुदन किराँती, अमनलाल मोदी, रामकुमार राई, महिन्द्र राय यादव, लेखनाथ दाहाल, हितबहादुर तामाङ, सूर्यमान तामाङ (दोङ), माधव सापकोटा, पुष्पकमल दाहाल ‘प्रचण्ड’, देवेन्द्र पौडेल, पूर्णबहादुर घर्तीमगर, वर्षमान पुन, रेखा शर्मा, महेन्द्रबहादुर शाही, छिरिङ डम्डुल लामा (भोटे), शक्तिबहादुर बस्नेत र जनार्दन शर्मा रहेका छन् ।

नेकपा एकीकृत समाजवादी बाट माधवकुमार नेपाल, कृष्णकुमार श्रेष्ठ, राजेन्द्रप्रसाद पाण्डे, मेटमणि चौधरी, प्रकाश ज्वाला, धनबहादुर बुढा, अम्मरबहादुर थापा, शेरबहादुर कुँवर, भानुभक्त जोशी र प्रेमबहादुर आले, जसपाबाट अशोककुमार राई, नवलकिशोर साह सुँडी, राजकिशोर यादव, वीरेन्द्रप्रसाद महतो, दीपक कार्की, रामसहायप्रसाद यादव र प्रदीप यादव विजयी भएका छन् । राप्रपाबाट राजेन्द्रप्रसाद लिङ्देन, दीपकबहादुर सिंह, विक्रम पाण्डे, दीपक बोहरा, धवलशम्मशेर राणा, ध्रुवबहादुर प्रधान र ज्ञानबहादुर शाही निर्वाचित भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट पार्टीबाट सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, तोसिमा कार्की, हरि ढकाल, रवि लामिछाने र लोसपाबाट शरतसिंह भण्डारी, महन्थ ठाकुर, रामप्रकाश चौधरी र सर्वेन्द्रनाथ शुक्ला विजयी भएका छन् ।

यसैगरी नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ, अरुनकुमार चौधरी र गङ्गाराम चौधरी, राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी, नेपाल मजदुर किसान पार्टीबाट प्रेम सुवाल, जनमत पार्टीबाट चन्द्रकान्त राउत तथा स्वतन्त्र रुपमा योगेन्द्र मण्डल, अमरेशकुमार सिंह, किरणकुमार साह, प्रभु साह र लालवीर चौधरी विजयी भएका छन् ।

# सप्तरीमा १३८ को जमानत जफ्त

मधेशदृष्टि
सप्तरी, १६ मंसिर ।
मंसिर ४ मा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सप्तरीका १३८ जना उम्मेदवारको जमानत जफत भएको छ ।
यस जिल्लाबाट प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा १७६ जना उम्मेदवारले उम्मेदवारी दिएका थिए । जसमध्ये १ सय ३८ जना उम्मेदवारको जमानत जफत भएको हो ।प्रतिनिधिसभा सदस्यमा ५८ र प्रदेशसभामा ८० जना गरी कूल १३८ जना उम्मेदवारको जमानत जफत भएको छ ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा १७ जना, क्षेत्र नम्बर २ बाट १३ जना, क्षेत्र नम्बर ३ बाट १५ जना र क्षेत्र नम्बर ४ बाट १३ जना गरी ५८ जना प्रतिनिधिसभा सदस्यका उम्मेदवारको जमानत जफत भएको छ ।
यस्तै प्रदेशसभा अन्तर्गत निर्वाचन क्षेत्र नम्बर १(क) मा ८ र (ख) मा ७, क्षेत्र नम्बर २ को (क) मा १४ र (ख) मा ११, क्षेत्र नम्बर ३ को (क) मा १५ र (ख) मा ८, क्षेत्र नम्बर ४ को (क) मा ९ र (ख) मा ८ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । ४ प्रतिनिधिसभा र ८ प्रदेशसभा सदस्यको लागि भएको निर्वाचनमा विजयी भएका उम्मेदवार सहित ३८ जना उम्मेदवारले मात्रै जमानत जोगाउन सफल भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेश जोशीले बताए । मंसिर ४ को निर्वाचनमा सप्तरीमा २ लाख ७९ हजार ४६२ मतदाताले मतदान गरेका थिए । जमानत बचाउन खसेको मत मध्ये सदर मतको १० प्रतिशत मत ल्याउनु पर्ने प्रावधान छ ।

# गाँजा फडानी गर्दै प्रहरी

मधेशदृष्टि
सप्तरी, १६ मंसिर ।
जिल्ला प्रहरी कार्यालय सप्तरीले लागुऔषध गाँजा फडानी अभियानलाई तिब्रता दिएको छ ।
२०७९ साउन २१ गते देखि अभियान अन्तर्गत अहिले सम्म सप्तरीको विभिन्न पालिकाहरुमा गरी तीन हजार ८५४ थान गाजाँको बोट फडानी गरी नष्ट गरिएको छ ।
यस आर्थिक बर्षको साउन २१ गतेदेखि शुरु गरिएको गाँजा फडानी अभियान अन्तर्गत गत कार्तिक १७ र १८ तथा मंसिर १३ देखि १५ गते सम्म तीन हजार ८५४ वटा बोट फडानी गरि नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अविनाराण काफ्लेले जानकारी दिए ।
उनले खेती कसैले पनि नगरेको तर करेसावारीमा झारपात संगै उम्रेका अवैध लागुऔषध गाजाँको बोट फडानी गर्ने अभियान संगै अवैध घरेलु मदिरा नियन्त्रणमा लिएर नष्ट गर्ने काम पनि भइरहेको बताए ।
सप्तरीको बिष्णुपुर, राजगढ, तिरहुत, अग्नीसाईर कृष्णसवरण, तिलाठी कोईलाडी गाउँपालिका र राजविराज, हनुमानगर कंकालिनी, डाक्नेश्वरी, शम्भुनाथ नगरपालिका लगायत स्थानहरुमा अवैध रुपमा लगाइएको लागुऔषध गाजाँको बोट स्थानिय प्रतिनिधिहरुको रोहवरमा फडानी गरि नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।
यसअघि गतबर्ष पनि सप्तरी प्रहरीले अभियान चलाएर जिल्लाको विभिन्न पालिकाहरुबाट ठूलो परिमाणको गाँजाको वोट फडानी गरेर नष्ट गरेको थियो ।



# ११ जनाविरुद्ध मुद्दा


मधेशदृष्टि
जनकपुर, मंसिर १६ ।
गुणस्तरहीन काम गर्ने एक गाउँपालिका अध्यक्ष सहित ११ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ ।
सर्लाहीको चक्रघट्टा गाउँपालिकाका तत्कालीन गाउँपालिका अध्यक्षसहित ११ जनाविरुद्ध अख्तियारले राज्यको स्रोत तथा साधनको दुरुपयोग गरेको आरोपमा मुद्दा दायर गरेको हो ।
चक्रघट्टा गाउँपालिकाका ४ सुन्दरपुरस्थित बहिदको जग्गादेखि ढुङ्गाखोलासम्म पक्की नाला निर्माण गर्ने कार्यमा गुणस्तरहीन काम गरेको अभियोगका गाउँपालिकाका अध्यक्ष विक्रम यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेशकुमार पाठक, इञ्जिनीयर अजय यादव र लेखापाल शिवशङ्करप्रसाद कुसवाहविरुद्ध रु तीन लाख ४१ हजार पाँच सय ४४ बराबरको बिगो माग दाबी आयोगले गरेको छ ।
सोही गाउँपालिका-४ का वडाध्यक्ष अब्दुल अहद कवारी, गाउँ कार्यपालिका सदस्य विजयकुमार चौधरी र विनोद साह, इञ्जिनीयर अजय यादव र सवइञ्जिनीयर जीतेन्द्र यादवविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम कारवाहीको माग आयोगले गरेको छ ।
आयोगले उपभोक्ता समितिका अध्यक्ष शेख मोहम्मद इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मोहम्मद इरफानविरुद्ध रु तीन लाख ४१ हजार पाँच सय ४४ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिएका छन ।

# एउटै व्यक्ति पाचौं पटक पक्राउ

नेपाल प्रहरीले बूढानीलकण्ठ क्षेत्रमा रु चार लाख ८८ हजार चोरी गर्ने एक जनालाई पक्राउ गरेको छ । प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले बूढानीकलकण्ठ नगरपालिका-१० आसपासका क्षेत्रमा चोरी गर्ने गोकर्णेश्वर नगरपालिका-४ सुन्ताखानका ४२ वर्षीय राजु गुरुङलाई बिहीबार साँझ पक्राउ गरेको हो । पक्राउ तामाङ यसअघि पनि पटक-पटक चोरी गर्ने कार्यमा सङ्लग्न रहेको अनुसन्धानमा खुलेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिनुभयो । तामाङ यसअघि विसं २०६९ मा जिल्ला प्रहरी परिसर ललितपुरबाट चोरी मुद्दामा रु २५ लाख धरौटीमा छुटेको, २०७२ मा प्रहरी वृत्त स्वयम्भूबाट सार्वजनिक अपराध मुद्दामा पक्राउ, २०७५ मा प्रहरी वृत्त बौद्धबाट चोरी मुद्दामा पक्राउ परी अदालतबाट रु १८ लाख धरौटीमा छुटेको र गत साउनमा प्रहरी वृत्त बानेश्वरबाट चोरी मुद्दामा पक्राउ परी अदालतबाट रु तीन लाख धरौटीमा छुटेका व्यक्ति हुन् । प्रहरीले पक्राउ तामाङसँग एक हजार दरको नोट चार सय नौ थान, पाँच सय दरको नोट ८० थान, एक सय दरको नोट एक सय ७५ थान, ५० दरको नोट एक सय ७५ थान, २० दरको नोट तीन सय ५० थान, १० दरको नोट चास सय ४० थान र पाँच दरको नोट एक सय ८० थान बरामद गरेको छ । पक्राउ तामाङलाई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद-२० को चोरीसम्बन्धी कसुर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान गरिरहेको प्रवक्ता मैनालीले बताउनुभयो । विद्यार्थीलाई ट्राफिक सचेतना कक्षा ट्राफिक प्रहरीले सामुदायिक विद्यालयका विद्यार्थीलाई ट्राफिक सचेतना कक्षा सञ्चालन गरेको छ । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले बिहीबारदेखि काठमाडौं महानगरपालिकासँगको सहकार्यमा महानगरपालिकाअन्तर्गतका ८९ सामुदायिक विद्यालयका विद्यार्थीलाई ट्राफिक सचेतना कक्षा सञ्चालन गरेको हो । कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले बालबालिकामा ट्राफिक सचेतना अभिवृद्धि गराउने उद्देश्यले कक्षा सञ्चालन गरिएको जानकारी दिनुभयो । सचेतना कक्षामा बाटोमा हिंड्दा र बाटो काट्दा ध्यान पुऱ्याउनुपर्ने कुरा एवं सडक सुरक्षासम्बन्धी आधारभूत कुरा जानकारी गराएका छौँ, उहाँले भन्नुभयो ।
सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई बिहानको लाइन लगाउने समयमा ट्राफिक नियमसम्बन्धी सचेतना कक्षा दिने उहाँको भनाइ छ । यस्तै विद्यालयको समन्वयमा थप सचेतना कक्षासमेत सञ्चालन गर्ने कार्यालयले जनाएको छ । ट्राफिक कार्यालयले नक्सालस्थित नन्दीरात्रि माध्यमिक विद्यालय, केन्द्रीय बहिरा माध्यमिक विद्यालय, कमल आधारभूत विद्यालय, महाराजगञ्जस्थित शिवपुरी माध्यमिक विद्यालय र बानेश्वरस्थित रत्नराज्य माध्यमिक विद्यालयमा सचेतना कक्षा सञ्चालन गरेको थियो ।

# नियन्त्रणात्मक तथ्याङ्क कानुन

## जसले नागरिकको अधिकार र पहुँच निश्चित गर्दैन



– तारानाथ दाहाल

तथ्याङ्क समग्र विकास, राजनीति, आर्थिक, सामाजिक र वातावरणीय लगायतका विषयलाई प्रस्तुत गर्ने विवरण हो; जसले नीति, योजना र श्रोत बाँडफाँटलाई प्रभावित गर्दछ । कुनै पनि विषयमा वस्तुनिष्ठ निर्णय लिन, नवीन व्याख्या र विश्लेषण गर्न र विश्वसनीयता जाँच्न तथ्याङ्कको प्रयोग हुन्छ । साथै, लक्ष्य निर्धारण गर्नेदेखि यसको परिणामको अनुगमन र मूल्यांकन गर्न पनि तथ्याङ्क अपरिहार्य हुन्छ ।

तथ्याङ्कलाई लोकतान्त्रिक समाजको लागि आवश्यक सूचना प्रणालीको एक अपरिहार्य आधारका रूपमा लिइन्छ । राज्यले आम नागरिकको सुसूचित हुने अधिकारको ग्यारेण्टी गर्न भरपर्दो र निष्पक्ष तथ्याङ्क निःशुल्क उपलब्ध हुने वातावरण सिर्जना गर्नु पर्दछ । साथै विश्वसनीय तथ्याङ्कको लागि तथ्याङ्क उत्पादनमा प्रयोग भएका विधिहरूको वैज्ञानिक आधार तथा नतिजाको निष्पक्ष विश्लेषण र प्रस्तुतिको लागि पनि कानूनले स्पष्ट मापदण्ड र नीतिगत दिशाबोध गर्न पर्दछ ।

तथ्याङ्क भन्नाले कोरा तथ्य, कोरा तथ्याङ्क, आँकडा, सामग्री, अभिलेख, संख्या, आवाज, फोटो, शब्द, भिडियो लगायतलाई जनाउँछ । 'तथ्यांक' र 'सूचना' यी दुई शब्दावली सामान्यतः पर्यायवाची रूपमा प्रयोग गरिए पनि तथ्यांक सूचनाको सूक्ष्म एकाइ हो । तथ्यांकको कुनै सन्दर्भमा विश्लेषण गर्दा त्यो सूचना बन्न जान्छ । सूचनाको हकसम्बन्धी ऐन २०६३ ले तथ्याङ्कलाई सूचनाको परिभाषा भित्र समेटेको छ । यो ऐन अनुसार सार्वजनिक निकायमा रहेको कुनै पनि तथ्यांक, विवरण, दस्तावेज वा वस्तु पनि सूचना हो । चाहे त्यो निजी सरोकारको होस् वा सार्वजनिक सरोकारको । संयुक्त राष्ट्र सङ्घले मानवअधिकार घोषणापत्रको धारा १९ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको धारा १९ ले सूचनाको स्वतन्त्रता तथा अधिकारलाई मानवअधिकारको आधार भूत तत्वको रूपमा परिभाषित गरेको छ । हरेक सर्वसाधारण नागरिकलाई सरकारी निकायमा रहेका हरेक सूचना तथा तथ्याङ्कमा पहुँच हुनुपर्नेमा यसले जोड दिएको छ ।

नेपालमा एक शताब्दी अगाडि राणाकालदेखि नै जनसंख्याको व्यवस्थित गणना गर्ने पद्धति र संरचनाहरू प्रयोगमा थिए । देशमा २००७ मा प्रजातन्त्रको युग सुरु हुनुभन्दा अगाडि जनसंख्या गोश्वरा र औद्योगिक-व्यापारिक समाचार संग्रह अड्डाको रूपमा तथ्याङ्क प्रशासनको अभ्यास थियो । पछि यसलाई संख्या विभागका रूपमा विकास गरियो । जसलाई पछि तथ्याङ्क ऐनद्वारा व्यवस्थित गरियो २०१५ सालमा र अहिलेको केन्द्रीय तथ्याङ्क विभाग सोही ऐन अनुसार पुस १७, २०१५ मा स्थापना गरियो । ५२ वर्ष अगाडि स्थापित यस तथ्याङ्क संरचनालाई अहिले राज्यको नयाँ संरचना अनुसार र प्रविधिमा आएको क्रान्तिको सन्दर्भ समेतलाई ध्यानमा राखी परिवर्तन गर्न खोजिएको छ ।

समयक्रममा तथ्याङ्क प्रशासनलाई आधुनिकीकरण गर्ने प्रयास हुँदै आएका थिए । २०५१ सालमा तथ्याङ्क प्रणालीलाई व्यापक रूपमा परिवर्तनको लागि आर्थिक योजना र तथ्याङ्क सेवा नियमावली जारी गरियो । २०७० सालमा पनि तथ्याङ्क प्रणालीको संरचनामा सुधार ल्याइयो तर ती सबै सुधार प्रक्रियामा सूचनाको हक र खुला तथ्याङ्कको अवधारणा प्रवेश गरेको देखिँदैन । यस पटक पनि यो अवधारणालाई स्वीकार गरिएन ।

तथ्याङ्क ऐन, २०१५ लाई नेपालको संविधान र संयुक्त राष्ट्रसंघीय सरकारी तथ्याङ्क सम्बन्धी आधारभूत सिद्धान्त एवं सूचना प्रविधिमा आएको क्रान्ति अनकुल समयसापेक्ष बनाइ तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले तथ्याङ्क सम्बन्धी नयाँ कानून आएको बताइएको छ । तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय, व्यवस्थित र समयसापेक्ष बनाइ संघ, प्रदेश र स्थानीय तहको नीति निर्धारण कार्यलाई थप प्रभावकारी बनाउन तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वान्छनीय भएकाले यो ऐन बनाउन परेको हो।

ऐनमा राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क संकलन तथा प्रकाशन, राष्ट्रिय तथ्याङ्क परिषद् र राष्ट्रिय तथ्याङ्क कार्यालय एवं प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गर्ने उल्लेख छ । संरचनागत परिवर्तनसँगै, राष्ट्रिय गणनामा व्यापक रूपमा कर्मचारी परिचालन गर्ने अधिकार पनि प्रबन्ध गरिएको छ । वर्तमान राष्ट्रिय योजना आयोग अन्तरगतको केन्द्रीय तथ्यांक विभाग भन्दा थप स्वायत्त निकायका रूपमा रूपान्तरणको अवधारणा अवलम्बन गर्न खोजिएको छ । तथ्याङ्क उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन र वितरणलाई विश्वसनीय र व्यवस्थित गर्न, संघीय तथ्याङ्क प्रणाली, तथ्याङ्क सङ्कलन तथा प्रकाशन, संघीय तथ्याङ्क परिषद् तथा संघीय तथ्याङ्क कार्यालय र प्रमुख तथ्याङ्क अधिकारीको व्यवस्था गरिएको छ ।

नयाँ कानुनले तथ्यांक विद्युतीय अभिलेखमा राख्नुपर्ने व्यवस्था गरिएको छ जुन सकारात्मक छ तर तथ्याङ्कलाई सार्वजनिक सम्पत्तिको रूपमा परिभाषित गरेको छैन । साथै, तथ्यांकको पुनः प्रयोग, पुनर्वितरण र खुला लाइसेन्सिङ प्रावधानको पनि व्यवस्था गरिएको छैन । तथ्यांक संकलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्देश्य, कार्यक्षेत्र, तथ्यांकसम्बन्धी विधि र अनुमानित लागतसहित कार्यालय समक्ष निवदन दिनुपर्ने र कार्यालयले अनुमति दिनुपर्ने प्रावधानले तथ्याङ्कीय खुलापनको सिद्धान्तलाई आत्मसात गरेको छैन । व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच स्थापना गर्ने व्यवस्था राखिएको छ जसले नागरिकको तथ्याङ्कमाथिको अधिकार र पहुँच निश्चित गर्दैन ।

तथ्यांकसम्बन्धी कानुनले तथ्यांकलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीय लगायतका विवरण, लागत वा सूचनाको रूपमा परिभाषित गरेको छ । साथै, तथ्यांक भन्ने शब्दले त्यस्ता विवरण, लागत वा सूचनाको व्यवस्थित संकलन, प्रस्तुतीकरण तथा विश्लेषण गरी तयार गरिएको संख्यात्मक प्रस्तुतिलाई समेत जनाउने उल्लेख गरेको छ ।

जतिवेला पहिलो पटक तथ्याङ्क ऐन बनाइयो, त्योवेला देश विकासको प्रारम्भिक चरणमा थियो र व्यवस्थित तथ्याङ्कको आवश्यकताको धेरै महसुस भएको हुनुपर्छ । त्यसैले तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रवाहको सम्पूर्ण दायित्वसहितको अधिकार सम्पन्न निकाय बनाइयो । साथै तथ्याङ्क संकलन र प्रवाहको लागि यस निकायको स्वीकृति लिनुपर्ने आदि व्यवस्थाहरू गरिए ।

नेपालमा विभिन्न निकायहरूले भिन्दाभिन्दै तथ्याङ्क उत्पादन गरिरहेका छन् । केन्द्रीय स्तरमा तथ्यांक उत्पादन तथा वितरण गर्ने आधिकारिक निकाय भनेका तथ्याङ्क विभाग, अर्थ मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, नेपाल राष्ट्र बैंक, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा मन्त्रालय, कृषि विकास मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालाय, महालेखा नियन्त्रकको कार्यालय, सार्वजनिक खरिद अनुगमनको कार्यालय तथा नेपाल पुनर्निर्माण प्राधिकरण आदि हुन् । यस्तै अन्य मन्त्रालयहरूले पनि प्रशासनिक र सरकारको काम कारबाहीका लागि तथ्यांक संकलन गर्ने गर्छन् । प्रदेश र स्थानीय सरकारले पनि महत्वपूर्ण तथ्यांक/सूचनाहरू उत्पादन र भण्डारण गर्छन् ।

नेपालको संविधानको अनुसूची ५ को बुँदा नं. १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) उल्लेख छ । यसबाट संघीय कानूनको क्षेत्र स्पष्ट हुनसक्छ । संविधानको अनुसूची ६ को बुँदा नं.६ मा प्रदेश तथ्याङ्क प्रदेशको अधिकार सूचीमा उल्लेख छ । यसले प्रदेश तहको तथ्याङ्क सम्बन्धी नियमनको पूरै अधिकार प्रदेश सरकारमा रहेकोछ । यसैगरी अनुसूची ८ को बुँदा नं.६ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन उल्लेख छ । यस अन्तर्गत स्थानीय सरकारलाई स्थानीय तथ्याङ्क नियमन र व्यवस्थापनको संवैधानिक अधिकार प्राप्त छ । बुँदा नं. १३ मा स्थानीय अभिलेख व्यवस्थापन उल्लेख छ ।



यस अनुसार स्थानीय अभिलेख भन्नाले तथ्याङ्क, सूचना र कागजात समेत बुझिने हुनाले यसबारे थप स्पष्टता आवश्यक छ । संविधानको अनुसूचीमा उल्लेख लक्ष हासिल गर्न तथ्याङ्कसम्बन्धी एक संघीय छाता ऐन बन्नुपर्ने खाँचो छ । नयाँ कानुनले भने संविधानको उपरोक्त व्यवस्थालाई विस्तृतीकरण गर्दै, अधिकार हरूको क्षेत्र अनुसार नियमनको स्पष्ट कार्ययोजना र मार्गदर्शन गर्न खोजेको देखिँदैन ।

तथ्याङ्क-आँकडा, संख्या प्रणालीका सरोकारवाला पक्ष व्यापक छन् । केन्द्रीय तथ्याङ्क कार्यालय एउटा प्रमुख राज्य निकाय हो तर यो मात्रै निकायलाई केन्द्रित गरेर कानून आउँदा संकुचन हुन जान्छ । डाटा संकलन, उत्पादन, भण्डारण र वितरण कार्यमा तीनै तहको सरकारका विभिन्न मन्त्रालय र विभागहरू संलग्न छन् । नेपाल राष्ट्र बैंक, विभिन्न अध्ययन-अनुसन्धान र सेवाप्रवाहमा संलग्न नागरिक संघ-संस्था, निजी क्षेत्रकाप्रतिनिधि संस्थाहरू एवं परामर्श र अनुसन्धान संस्थाहरू तथा प्रत्येक डाटा प्रयोगकर्ता व्यक्ति, संस्था र निकाय यस प्रणालीमा प्रत्यक्ष सरोकारवाला हो । विकास र अनुसन्धानका क्षेत्रमा तथ्य-तथ्याङ्कको आवश्यकता नपर्ने कुनै क्षेत्र र विधा छैन होला, त्यसैले तथ्याङ्क सम्बन्धी कानून समग्र समाजको सरोकारको विषय हो ।

तथ्याङ्कको अवस्थामा सुधार ल्याउन सरकार, नागरिक समाज, संसद, निजीक्षेत्र, मिडिया र टेक कम्युनिटीका विभिन्न प्रयास र अभ्यासहरूले उल्लेखनीय आधारहरू तयार गरेको छ । केही वर्ष अघिदेखि तथ्याङ्कको वितरण र प्रयोगगरी विकासका चुनौतीहरूको नवीन रूपमा सम्बोधन गर्न संस्थागत एवम् समूहगत प्रयासहरूमा बढोत्तरी भएको छ । यीमध्ये केही समूहहरूले खुला तथ्याङ्कको प्राविधिक समाधानका क्षेत्रमा काम गरिरहेका छन् भने केहीले उपयुक्त सार्वजनिक नीति निर्माणका लागि सरकारसँग पैरवीको प्रक्रियामा संलग्न छन् ।

तथ्यांकका प्रयोगकर्ताहरू विभिन्न समूहका हुन्छन् । सामान्यतया नागरिकहरू त्यस्ता सूचनाको प्रयोग सेवा प्राप्तिका लागि गर्छन् भने नागरिक समाजका समूहहरू बहस तथा विश्लेषण गर्नका लागि प्रयोग गर्छन् । साथै त्यस्ता समूहहरूले मिडियालाई तथ्याङ्क प्राप्त गर्नका लागि सहजता प्रदान गर्छन् । सामान्य रूपमा विश्लेषण गर्न कठिन हुने तथ्यांकलाई सरल र प्रविधिमैत्री पनि बनाइदिन्छन् । सरकारका निकायहरूले पनि त्यस्ता तथ्यांकहरूलाई योजना तथा नीति निर्माणका लागि प्रयोग गर्छन् ।

नयाँ कानुनले तथ्यांक विद्युतीय अभिलेखमा राख्नुपर्ने व्यवस्था गरिएको छ जुन सकारात्मक छ तर तथ्याङ्कलाई सार्वजनिक सम्पत्तिको रूपमा परिभाषित गरेको छैन । साथै, तथ्यांकको पुनः प्रयोग, पुनर्वितरण र खुला लाइसेन्सिङ प्रावधानको पनि व्यवस्था गरिएको छैन । तथ्यांक संकलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्देश्य, कार्यक्षेत्र, तथ्यांकसम्बन्धी विधि र अनुमानित लागतसहित कार्यालय समक्ष निवदन दिनुपर्ने र कार्यालयले अनुमति दिनुपर्ने प्रावधानले तथ्याङ्कीय खुलापनको सिद्धान्तलाई आत्मसात गरेको छैन । व्यवस्थापन सूचना प्रणालीमा कार्यालयको पहुँच स्थापना गर्ने व्यवस्था राखिएको छ जसले नागरिकको तथ्याङ्कमाथिको अधिकार र पहुँच निश्चित गर्दैन ।

तथ्यांक संकलन, प्रकाशन, प्रशोधन, अर्ध प्रशोधन र कोरा तथ्यांकको वितरण गर्दा गोपनियता कायम हुने प्रावधान राखिएको छ र तथ्यांकको प्रतिलिपि अधिकार कार्यालयमा रहने व्यवस्था गरिएको छ । जुन तथ्यांकीय खुपलापनको सिद्धान्त विपरीत छ । समग्रमा नयाँ प्रावधानहरू खुला तथ्यांकको मर्म, मूल्य र मान्यता अनुकुल छैनन् । सूचनाको हकको ऐनले स्थापित गरेको सूचनाको परिभाषा र त्यस माथिको पहुँचमा सहजताको विषय यो कानुनले बिर्सेको छ । तथ्याङ्क प्रणालीमा नागरिक समाज, प्राज्ञिक क्षेत्र र निजी क्षेत्रको सिर्जनात्मक संलग्नता सुनिश्चित गर्ने अवधारणामा संकुचन देखिन्छ । डिजिटल प्रणालीका तथ्याङ्कहरू निःशुल्क पाउनुपर्ने विषय सुनिश्चित छैन । विद्युतीय, प्रयोगकर्तामैत्री जस्ता शब्दहरू थपिए पनि खुला तथ्याङ्क भन्ने शब्दावली अझै स्वीकार भएको छैन । समग्र तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सुधार गर्न आएको यो कानुनका कतिपय प्रावधान निकै नियन्त्रणात्मक छन् । संरचनागत रूपमा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई कठोर बनाइएको छ भने अनुसन्धान, तथ्याङ्क संकलन, सर्भेक्षण र तथ्याङ्कको प्रकाशन जस्ता विषयमा पूर्व स्वीकृति लिनुपर्ने अवधारणा आएका छन् ।

श्रोतः आइएनएस-स्वतन्त्र समाचार

### निबन्ध

# मुसाको रास–लीला



– चूडा मणि रेग्मी

यही कोठो हो, जसलाई मैले 'जनतन्त्रे' नै घोषणा गरेथें । सम्विधान माने पनि, मालपोत तिरे पनि, सम्पूर्ण परिवारका सदस्यको हकमा परे पनि मलाई स्वतन्त्र रूपमा पढ्न, लेख्न र मेरा साहित्यप्रेमी, साहित्यिक वरिष्ठदेखि कनिष्ठसम्मले खुल्ला गफ गर्ने 'खुलाथलो' बेलायतको 'वक्ताको कुनो' जस्तो यो ठाउँलाई मेरा आफ्ना भाषामा 'जनतन्त्रे कोठो'का रूपमा भनिदिएँ । सायद, 'वक्ताको कुनो' सकार्ने मानसिकता थिएन मेरो र जनतन्त्र व्यापक अर्थलाई मैले आफूखुसी सीमित गरिदिएँ जसरी सही शब्दले 'गोबर'लाई लिदी र गुहूमा सीमित गरिदिएको छ ।

जनतन्त्रे उपनामधारी मेरो यो कोठाले आइएदेखि जाइएसम्मका विद्यार्थीको स्वागत गरेको छ । कैयौं शोधार्थीलाई शोधकार्य गर्न बस्न दिएको छ । वम्शगत भूत पनि विचित्रको हुँदोरहेछ । अघि मेरा बाले १/१ महिनासम्म कानचिरा लट्टाधारी साधु-सन्यासीहरूलाई थालभरि घिउ भात ख्वाएर, कचौराभरि-भरि दुध ख्वाएर धुनी लाउन दिन्थे । बाको त्यो पुण्यकार्यले अभिप्रेरित त्यही पुण्यकार्य गारउँदो रहेछु म यो जनतन्त्रे कोठामा । मेराचाहिँ साधु-सन्त शोधार्थी हुन् । गहिरिएर विचार गर्दा शोधार्थी र साधुसन्तमा फरक रहेनछ । पुण्यकार्यका निम्ति खप्नुपर्ने घच्चा मुखले भट्याएर कमाएको पुण्य किन मास्ने ? जे होस्, पुण्यकार्य-योगदाता हो यही ' जनतन्त्रे कोठो' ।

यो कोठाले सुख पनि भोग्यो, दुःख पनि भोग्यो । नेपाली साहित्यको इतिहास बनाउने धेरै जना यहाँ बसे । तीमध्ये धेरैले विविध चरित्र पनि प्रदर्शन गरे । एक जनाको कुरा यहाँ बखानौं । तिनलाई ओढ्ने लुगा दिन जानेले यो कोठामा वास्तवमै ती महासाहित्यकारलाई उहिलेको नागा बाबा नै देख्नुपऱ्यो । यो कोठाका कति पत्रिका, कति पुस्तक कुन-कुन साधु-सन्तले आफ्ना झोलामा हाले, त्यो कुरा यहाँ बखान नगरौं । यो 'जनतन्त्रे कोठा'मा नेपाली साहित्यका इतिहासका पानाहरू विराजमान छन् । यहाँ वरिष्ठ विराजमान भए भने कनिष्ठ पनि आए । यहाँ मित्रहरू छाए भने वैरिहरू पनि आए । यहाँ झगडा कम्ती भए, अनेकौं शास्त्रीय गफ भए । नढाँटी भन्दा यहाँ 'वात्स्यायन गफ' पनि भए, क्षमा चाहन्छु 'जनतन्त्रे कोठा'मा गफको दुरूपयोग भएकामा !

गफगाफका कुरा छाडेर लेखलाखका कुरा गर्ने हो भने 'जनतन्त्र' घोषणा भएउप्रान्त यो कोठामा 'सचेत विचार' राँकिएर उठ्यो, निराशा बिरालो भएर भाग्यो, कुण्ठाले सुइँकुच्चा ठोक्यो । कोठाको मालिक मेरा कपाल फुले, तर मनमा उत्साह बढेरै गयो । पान, तास अन्य व्यसनमा हुने खर्च, पुस्तक र पत्रिकामा भए, अनि भए काव्यशास्त्रीय विनोद, अध्ययन, सामग्री-सङ्कलन, लेखन, सम्पादन र छापेका पत्रिकाको वितरण गर्ने काम ।

हेर्छु यो कोठामा कागज छरिएका छन्, पुस्तक छरिएका छन् । यहाँ आउने डाक्टरले यदा-कदा निःशुल्क सुझाउ दिन्छन-दराज किने हुने ! नम्वर दिएर पुस्तक-पत्रिका राखे हुने !' निजी पुस्तकालय भए पनि सबैको सम्पत्ति ठान्ने धेरै चुकचुकाए, भित्रभित्रै आफ्ना गल्ती छोप्छु, कमजोरी लुकाउँछु । आर्थिक अक्षमताको थाहै नुहने गरी घाँटी निमोठिदिन्छु । फलानो पुस्तक छैन, फलानो पुस्तक पाँचपटक किनें, त्यो पनि छैन । २०१२ सालको फलानो पत्रिका ६ महिना अघिसम्म थियो । अहिले छैन, जे होस् न ! मेरा साधु ! मेरा सन्न्यासी ! मेरा कान्चिरा मलाई प्यारा छन् । मेरा लागि मेरी प्रेयसी प्रथम प्रेयसी मुटु हुन् भने मेरा यी शोधार्थी, पुण्यकामी, कीर्तिउन्मुखी मेरा लागि अतिप्रिय वस्तु हुन् । मेरी प्रेयसीसँग मेरो नङ-मासुझैं सम्बन्ध छ भने यी शोधार्थीसँग पनि मेरो हृदयको एकाकार छ । यस्तो जनतन्त्रे कोठमा असरल्ल पुस्तक छरिनु पत्रिका छरिनु र कागजका टुक्राहरूले फोहोर हुनु स्वाभाविक भए पनि लामखुट्टे र झिंगाहरूलाई भने प्रवेश-निषेध छ, किनभने झ्याल-ढोका प्रायः खुल्दैनन् । गर्मीमा गर्मी होस्, बिजुली भए पङ्खा चलाउने, नत्र भरिसक्के नबस्ने, तर झिँगा र लामखुट्टेहरूलाई प्रवेश-निषेध ! एकाधपटक साङ्ला महाराज हिंडिटोपले तर सरल-सरल उपायले नै तिनको पनि बातो बस्यो ! तैपनि यदा-कदा भ्रष्टाचारीले छाल गन्दा पनि भ्रष्टाचार गर्न नछाडेझैं 'साङ्लाप्रकोप' देखिएकै हो ।

तर !

तर ! मूर्च्छा पर्ने कुरा छ, यता यो जाडामा मुसाले चमत्कार गरेछ ! प्रत्येक वर्ष यहाँ जाडो आएको हो । यो कोठो पनि थियो । यसमा म थिएँ नै । मेरा साधु-सन्न्यासी महोदयहरू पनि आए-गएका हुन् । खुसुक्क कुनै दिन कहिले केही भयो होला ! म भन्न सक्तिनँ । योपटक यो जाडामा त फलानाले अचानक मध्यावधिको घोषणा गरेझैं 'कोठा-हमला'को घोषणा गरेछ । मध्यावधिको घोषणा गर्नेले भित्रभित्रै साउती मारेर कुरो सिध्याएझैं मुसाले पनि मुसिनी भित्र्याएर यो कोठामा बिध्वंस मच्चाएछ ! थोरैले सही पूर्वाञ्चलमा मोतीरामले गर्ने काम गर्ने बाहुन भनेको लेखकको स्वतन्त्र 'जनतन्त्रे कोठा'मा गर्नु-नगर्नु चर्तिकला गरेछ ! एक बिहान देख्छु, जनतन्त्रे कोठा रोइरहेको छ । आँखाका अगाडि 'बम खसेको हिरोसिमा' छ । मेरा जनतन्त्रे कोठाभरि देख्छु, कागजका टुक्रा, लिंड र मठुरिएका पुस्तक ! रुन मात्र सकिनँ । आँखाले नियालेर हेर्छु, छाती छाम्छु, क्रौञ्चविहीन क्रौञ्ची पक्षीको व्यथा छ । 'मोरो मुसाले' रास-लीला गरेछ ! आश्चर्यचकित पनि हुन्छु । छिमेकको कोठामा धानकोठातिर सरेछ अहिले । दिमागमा सत्य कुराको ज्ञान भएपछि निर्णय निकाल्छु मुसाले होस् कि जसले, जाडामा रासन-पानी भेटेपछि 'रुई, दुई र फुई'को उखान चरितार्थ गरिहाल्छ नि !

मुसाको रास-लीलावारे गम्दा-गम्दै हाम्रा सचेत नेताहरूतिर ध्यान गयो मेरो । पहिले खान नपाएका नेता कस्ता थिए ! अहिले सत्ता-भत्ता भेटेपछि आफ्नी मुसुनीसँग पजेरोमा गुडेर रास-लीला गर्न थालेका छन् ! भकारीमा मुख गाड्न पाएपछि मुसाले मुसिनी खोज्छ, खोज्छ ! हाम्रा नेताहरू पनि सरकारी ढिकुटीमा हात हाल्न पाएपछि सुरा-सुन्दरीमा मस्त हुन्छन्-हुन्छन् !

ऋणम् कृत्वा घृतम् पिवेत् ।

चोरेर होस्, ढाँटेर होस्, छलेर होस् अचेल मोज गरिन्छ, आफ्नो नसही ! अर्काको भँडारलाई निजस्व पारिन्छ । आफ्नो नसही अर्काकै भए पनि गाडी चढेर भए पनि मोज गरिन्छ । यहाँ मोज गर्नुपर्छ, यहाँ आनन्द लुट्नुपर्छ, यो मुसो सिद्धान्त हो । हो, मेरो जनतन्त्रे कोठो शोधको थलो हो । मुसाको रास-लीला एउटा शोध हो । 'लुटम् कृत्वा घृतम् पिवेत' यो मेरो निष्कर्ष हो ।

(साभार : समकालीन साहित्य डट कम)



महोत्तरीको एकडारा गाउँपालिकास्थित खेतमा थ्रेसरको सहायताले धान झार्दै किसान । *तस्बिर : सञ्जीतकुमार मण्डल/ रासस*

# महगी बढ्ने : राष्ट्र बैक

मधेशदृष्टि
काठमाडौ, मंसिर १६ ।
मुद्रास्फीति तोकिएको सीमाभन्दा धेरै माथि पुग्ने एक अध्ययनले देखाएको छ । नेपाल राष्ट्र बैंकले गरेको सर्वेक्षणमा सहभागीले मुद्रास्फीति तोकिएको सीमाभन्दा बढी पुग्ने देखाएको हो । चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीति सात प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिइएको भए पनि पहिलो त्रैमासमा आठ दशमलव पाँच प्रतिशतको हाराहारीमा पुगिसकेको छ ।
केन्द्रीय बैंकले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार आगामी मुद्रास्फीति १२ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ । केन्द्रीय बैंकले चालु आवको पहिलो त्रैमासको अपेक्षित मुद्रास्फीति सर्वेक्षणको नतिजा सार्वजनिक गर्दै तीन महिना र एक वर्षपछिको मध्य अपेक्षित मुद्रास्फीति क्रमशः १० र १२ प्रतिशत छ । केन्द्रीय बैंकले




२०७९ असोज २३ देखि असोज २९ सम्म देशका ५७ सहरका ६० बजारक्षेत्रका व्यक्तिसँग अन्तवार्तामार्फत अध्ययन गरेको थियो । अध्ययनमा दुई हजार ४० जना सहभागी थिए । अघिल्लो सर्वेक्षणको तुलनामा यस सर्वेक्षणमा आठ सय ९९ थप व्यक्ति थपिएको राष्ट्र बैंकको भनाइ छ । सर्वेक्षणमा सहभागी ८६ दशमलव छ प्रतिशत उत्तरदाताले आगामी तीन महिनामा मूल्य वृद्धि हुने अपेक्षा गरेका छन् । त्यसैगरी, ९५ दशमलव सात प्रतिशत उत्तरदाताले आगामी एक वर्षमा मूल्यवृद्धि हुने अपेक्षा गरेका छन् । खाद्य र खाद्य वस्तुको सबै उपसमूह, गैरखाद्य वस्तु तथा सेवा र सबै उपसमूह, तथा घरजग्गा (आवास) समूहमा आगामी तीन महिनामा मूल्यवृद्धि हुने अध्ययनले देखाएको छ । खाद्य र खाद्य समूहअन्तर्गतका गेडागुडी, दाल, चिनी तथा मसाला र गैरखाद्य र सेवा समूहबाहेकका अन्य समूह तथा उपसमूहको मूल्यवृद्धि हुनेछ । राष्ट्र बैंकले कसिलो नीति अवलम्बन गरेपश्चात् अपेक्षित मुद्रास्फीतिमा कमी आउन थालेकोसमेत उक्त प्रतिवेदनमा उल्लेख छ । (रासस)

# भेडाबाख्रा पाल्न चरन क्षेत्रको अभाव

मधेशदृष्टि
सुनसरी, मंसिर १६ ।
जमिनलाई टुक्रा-टुक्रा गरेर घडेरीमा बिक्री वितरण गर्ने चलन बढेपछि भेडाबाख्रा पालनका लागि चरन क्षेत्रको अभाव भएको छ । कृषियोग्य जमिन कम हुँदै गएपछि भेडा चराउने ठाउँको कमी भएको हो ।
चरन क्षेत्रको अभावका कारण भेडापालकलाई भेडा चराउन र भेडा बचाउन सकस पर्न थालेको छ । सुनसरीको हरिनगरा गाउँपालिका-४ का दयानन्द पाल, सदानन्द पाल र खिलानन्द पाल भेडा चराउन सयौं भेडा लिएर महिनौं घर छाडेर हिँड्ने गर्नुभएको छ । उहाँहरूको दिनचर्या भेडा चराउनमै बित्ने गरेको छ । घरका परिवारसँगको



सम्पर्क कमै हुने गर्छ । भेडा चराउनैका लागि घाँस भएको क्षेत्र खोज्दै दैनिक १० देखि २० किलोमिटरको यात्रा भेडा लिएर पैदल तय गर्नुपर्ने बाध्यता छ । "भेडालाई बाँधेर राख्न गाह्रो छ । खुलामा चराउनु पर्छ । खुलामा चराउँदा खेतमा पसेर अरूको बाली खाइदेला भन्ने पीर हुन्छ", दयानन्द पालले भन्नुभयो, "राति बास बस्दा पनि जङ्गली जनावरले भेडा खाइदेला भन्ने चिन्ता छ ।
आलोपालो गरेर २४सैं घण्टा भेडाको सुती-नसुती निगरानी गर्नुपर्ने अवस्था छ ।" भेडापालन गर्न दुःख बढी हुने गरेको अर्का भेडापालक सदानन्द पालले बताउनुभयो । पुर्ख्यौली पेशा भएर मात्र भेडापालन अँगालेको उल्लेख गर्दै उहाँले चर्ने ठाउँ कम हुँदै गएकाले पाल्न कठिन बन्दै गएको बताउनुभयो । वर्षमा दुईपटक भेडाबाट ऊन निकाल्ने गरिएको छ । आधुनिकतासँगै भेडाको ऊनको बिक्री पनि कम हुँदै गएको छ । भेडाको ऊनको चाङले घर नै भरिए पनि बिक्री गर्न समस्या छ । भेडा चराउन हरिनगराबाट थालिएको यात्रा विराटनगर, लौकही, इनरूवा, भण्टाबारी, जनकपुरसम्म पुग्ने उहाँ बताउनुहुन्छ ।
भेडा चराउनैका लागि विराटनगर आउनुभएका दयानन्द, सदानन्द र खिलानन्द नहर छेउमा पाल टाँगेर बस्नुभएको छ । एक सय २० भेडा लिएर हिँडेका उनीहरूको बढीजसो समय चरन क्षेत्र खोज्नमै बित्ने गरेको छ । सरकारले भेडाबाख्रा पालन गर्न सेवा सुविधा उपलब्ध गराउनुपर्ने उनीहरुको माग छ । (रासस)

# बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्न निर्देशन

मधेशदृष्टि
काठमाडौ, मंसिर १६ ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालय मातहतका निकायलाई निर्देशन दिएका छन् ।
मन्त्रालयद्वारा शुक्रबार अयोजित 'आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासिक समीक्षा' बैठकमा उनले सरकारको लक्ष्य र जनअपेक्षालाई सम्बोधन गर्ने गरी लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।
सचिव अर्यालले भने यो प्रथम त्रैमासिकको रिपोर्ट हेर्दा उद्देश्यअनुरुप काम भएको छैन, काम हुँदै गरेको भन्ने मात्रै आयो, काम सकिएको भन्ने आएन, अब नीति तथा कार्यक्रमले लिएको लक्ष्य समयमै हासिल गर्ने गरी प्रतिफल आउने गरी काम गरौं । अर्यालले जे गर्छु भनेको हो त्यो समयमै सक्न र गर्छु भनेको बाहेक अन्य काम गरेको भए मन्त्रालयलाई जानकारी गराउन पनि निर्देशन दिए ।
उनले सरकारी सेवामा छिटो र

*- बाँकी पृष्ठ ६ मा*

# "समृद्धिको मार्ग : कर्णाली करिडोर"

मधेशदृष्टि
मान्म, मंसिर १६ ।
विकासको हरेक पक्षबाट पछाडि परेको कर्णाली क्षेत्रको उन्नतिका लागि निर्माण सुरु गरिएको कर्णाली करिडोरलाई यहाँका बासिन्दाले आफ्नो भाग्य र भविष्यसँग जोड्ने गरेका छन् ।
'साउथ एण्ड नर्थ एक्सिस गोर्थ'का रुपमा लिइएको कर्णाली करिडोरले नेपाल, चीन र भारत जोड्ने छ । कर्णाली करिडोर खुलेमा राष्ट्रिय सडक सञ्जालसँग नजोडिएको एक मात्रै जिल्ला हुम्लालाई जोड्ने छ । यो राजमार्ग चीनको सिमाना जोडिएको हुम्लाको हिल्सादेखि बाँकेको भारतसँग सिमाना जोडिएको जमुनाह नाकासम्म विस्तार पुग्नेछ ।
कर्णाली करिडोर नामकरण गरी ट्र्याक खोल्न थालेको २१ वर्ष भएको छ । कर्णाली करिडोरको बाँकेको जमुनाहदेखि सुर्खेत, दैलेख, कालीकोट, बाजुरा हुँदै हुम्लाको सिमकोटदेखि चीनको सीमा क्षेत्र हिल्सासम्मको दूरी छ सय ८२ किलोमिटर छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि हुम्लाको हिल्सासम्म ४१० किलोमिटर मात्रै रहेको छ ।
कर्णालीवासीको आशाको केन्द्रका रुपमा रहेको कर्णाली करिडोर कालीकोटको नरहरिनाथ गाउँपालिका-८ खुलालुदेखि हुम्लाको सलिसल्लासम्मको नेपाली सेना जिम्मा एक सय ९६ किलोमिटर सडकको ट्र्याक खोल्ने जिम्मा पाएको नेपाली सेनाले खोलिसकेको छ । चीनको सिमाना हुम्लाको हिल्सादेखि सलिसल्लासम्मको एक सय ४६ किलोमिटर हिल्सा-हुम्ला सडक आयोजनाले कामको जिम्मा लिएको छ । त्यो सडकखण्डको काम पनि तीब्र रुपमा भइरहेको छ ।
विसं २०७१ चैत ५ गतेदेखि नेपाली सेनाले काम सुरु गरेको सो सडकखण्डको निर्माण कार्य सम्पन्न भएपछि सडक विभाग अन्तर्गतको हिल्सा-सिमकोट सडक आयोजनालाई २०७८ असार ३१ गते हस्तान्तरण गरेको थियो । कर्णाली करिडोरअन्तर्गतको कालीकोटको खुलालुदेखि हुम्लाको सलिसल्लासम्मको नेपाली सेनाले निर्माण जिम्मा लिएको सडकमध्ये एक सय ९६ किलोमिटर सडक निर्माण भएर सवारी साधन चल्न थालेका छन् । बाँकी सडकखण्ड निमर्णाधीन अवस्थामा रहेको हिल्सा हुम्ला सडक आयोजनाका प्रमुख वीरेन्द्र यादवले जानकारी दिए ।
"नेपाल सरकारको हिल्सा-हुम्ला सडक आयोजनाले जिम्मा लिएको एक सय ४६ किलोमिटरमध्ये हिल्सादेखि हुम्लाको सिमीकोटसम्मको ९५ किलोमिटर सडक निर्माण भइसकेको छ", उनले भने, "कर्णाली करिडोर अन्तर्गतको पाँच किलोमिटर सडक खोलेपछि आयोजनाको काम सम्पन्न हुन्छ ।"
ठेकेदारमार्फत काम गराइरहेको आयोजनाले कडा चट्टाने भिर भएका कारणले अहिले निर्माण कार्यमा समस्या भएको यादवले बताउनुभयो । विष्फोटक पदार्थका लिएर नेपाली सेनाले हुम्ला सडकखण्डमा पनि काम गरिरहेको जानकारी दिए ।
बजार क्षेत्र वृद्धि कर्णाली करिडोरमा सवारी साधन चल्न थालेपछि आर्थिक चहलपहल बढ्न थालेको छ । करिडोर क्षेत्रका आसपासमा बजार हुनसक्ने ठाउँमा जग्गाको कारोबारदेखि व्यापारको सम्भाव्यताले गर्दा आर्थिक गतिविधि बढेको हो । कालीकोटको खुलालुदेखि हुम्लाको सलिसल्लासम्म दर्जनौं ठाउँहरु बजारका रुपमा विस्तार भएको बाजुरा स्वामीकातिका गाउँपालिकाका पूर्व अध्यक्ष चिरञ्जीवी शाहीले बताए ।
"कर्णाली करिडोरको खुलालुदेखि हुम्लाको सलिसल्लासम्म सवारी साधन चल्न थालेका छन्", उनले भने, "अहिले यो सडक खण्डका दर्जनौं ठाउँ बजारका रुपमा विकास भएका छन् ।" कालीकोटको खुलालु, लालिघाट, रेगिल, सान्तिघाट, भुराबगर, भात्तडी, घाटपारीचौर, जितेगडा, जारकोट, आम्तडा बाजुराको कोल्टी पिलिचौर, हिमाली गाउँपालिकाको धुलाचौरलगायतका क्षेत्र अहिले बजारका रुपमा विकसित भएका छन् ।
यी बजारमा अहिले व्यापारी केन्द्रका रुपमा स्थापित हुन थालेको कालीकोट रास्कोट नगरपालिका-८ का अनन्त बरालले बताए । "यहाँ कर्णाली किनारमा रहेका फाँट विगतमा त्यतिकै मिल्किएका थिए", उनले भने, "अहिले बजार क्षेत्रका रुपमा व्यापारिक नाकाका रुपमा विकास विकास भएका छन् ।"
सडक सुविधा नहुँदा जितेगडा बजारसम्म पिठ्यूँमा भारी बोकेर आउने यहाँका बासिन्दा अहिले घरमा केही न केही उत्पादन गरी व्यापार व्यवसायमा संग्लन गरेको कालीकोट उद्योग वाणिज्य सङ्घका पूर्ववरिष्ठ उपाध्यक्ष मथुरा न्यौपाने जानकारी दिए ।
"करिडोर क्षेत्रका धेरै ठाउँ अहिले बजारका रुपमा विकसित भएका छन्", उहाँले भन्नुभयो, "विगतका पिठ्यूँ भारी बोकेर नुनतेल गर्ने करिडोर क्षेत्रका बासिन्दा अहिले गाडीमा सरर घरमा नै पुग्ने गरेका छन् ।" करिडोर क्षेत्रमा तरकारी खेती विस्तार कर्णाली करिडोरमा सवारी साधन चल्न थालेपछि आसपासका मानिस तरकारीखेतीतर्फ आकर्षित भएका छन् ।
विगतमा रोजगारको केही उपाय नहुँदा भारतमा रोजगारी गर्न जानेहरु अहिले तरकारी खेती गर्न थालेका छन् । गाउँगाउँमा नै बजार बनेका कारणले बारीमा लगाएको तरकारी कता लगेर बेच्ने भन्ने समस्या नभएको रास्कोट नगरपालिका-६ भात्तडीका किसान नरप्रसाद बरालले बताउँछन ।
विगतमा बारीमा तरकारी लगायो भने कसरी कहाँ बेच्ने भन्ने चिन्ता हुन्थ्यो, उनले भने, "बारी छेउमा नै बजार बनेको छ । कता बेचौं भन्ने समस्या छैन् ।" कर्णाली करिडोर क्षेत्रमा उत्पादन भएको वस्तुहरु हिमाली जिल्लामा र तराईका जिल्लामा पठाउन सजिलो भएकाले अहिले धेरै जसो मानिस कृषि पेशामा संग्लन रहेको रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताए ।
"हामीले कृषि क्षेत्रमा लगानी गर्नेलाई प्रोहोत्सान दिने गरेका छौँ", उनले भने, "अहिले कर्णाली करिडोर सञ्चालनमा आएपछि यहाँ उत्पादन गरिएका कृषिउपजका बस्तुहरुको बजारीकरण गर्न सजिलो भएको छ ।" बाजुरा जिल्लाको स्वामीकार्तिक-खापर गाउँपालिकामा उत्पादन हुने गरेको स्याउ विगतमा बिक्री नहुँदा गाई भैँसीलाई खुवाउनुपर्ने अवस्था थियो ।
अहिले सडक सञ्चालनमा आएपछि बजारीकरण गर्न कुनै समस्या नभएको गाउँपालिका अध्यक्ष भरतबहादुर रोकायाले बताए । उनका अनुसार




यहाँका किसानले उत्पादन गरेको स्याउ सुर्खेत-कोहलपुर हुँदै स्याउ धनगढी पुगेको छ । बजार विस्तार हुँदा स्याउले राम्रो मूल्य पनि पाएको स्वामीकार्तिक-खापर गाउँपालिका स्वाफ्यूचर स्याउ कृषक समूह अध्यक्ष धनबहादुर रावलको भनाइ छ ।
उनले भने, "अहिले यहाँ उत्पादन गरिएको स्याउ बजारीकरणमा समस्या छैन् ।" विगतमा परिवार पाल्न खेती किसानमा मात्र सिमित रहेका करिडोर क्षेत्रका स्थानीयवासीले अहिले विभिन्न पेशा व्यवसायमार्फत आम्दानी लिन थालेका छन् ।
विगतमा कुनै आयस्रोत नभएका मानिसले पनि अहिले बजार क्षेत्रमा होटेल व्यवसाय सुरु गरेका छन् । पचालझरना गाउँपालिका अध्यक्ष देवजङ्ग शाहीले भन्छन, "अहिले करिडोर क्षेत्रमा होटेललगायतका अन्य व्यापार व्यवसायको वृद्धि भएको छ । मानिसले अहिले राम्रो आम्दानी लिन थालेका छन्" उनले भने ।
पुल निर्माण तथा सडक विस्तार कर्णाली करिडोरमा नौ वटा पक्की पुल निर्माण हुने भएका छन् । कर्णाली करिडोरको कालीकोटको खुलालुदेखि हुम्लाको सदरमुकाम सिमकोटसम्म १३ वटा पक्की पुल निर्माण हुने भएका हुन् । कर्णाली करिडोरअन्तर्गत पर्ने कालीकोट सडकखण्डको खुलालु खोला, सान्नीघाट खोला र फुगाड खोला पक्की पुल निर्माण हुने भएको हो । बाजुराको जुड्डी खोला, बूढीगाड खोला, गल्फगाड खोला र कवाडी खोला पक्की पुल निर्माण हुने भएको हो ।
त्यस्तै हुम्लाको सलीसल्लाको कर्णाली नदी र सर्केगाड खोलामा पुल निर्माण हुने हिल्सा-सिमकोट सडक आयोजना हुम्लाले जनाएको छ । पक्की पुलका लागि ठेक्का प्रक्रिया अगाडी बढेको सडक आयोजना हुम्लाका इञ्जिनीयर वीरेन्द्र यादवले बताए ।
ठेक्का प्रक्रिया अगाडि बढेको छ । यी खोलामा चाँडै पक्की पुल निर्माणको काम अगाडि बढ्छ । कर्णाली करिडोरअन्तर्गत कालीकोट खण्ड फराकिलो बनाउन थालिएको छ ।
नेपाली सेनाले गत असार ३१ गते सडक विभागलाई हस्तान्तरण गरेको थियो । कालीकोट जिल्लामा पर्ने खुलालुदेखि लैफुसम्मको ४२ किलोमिटर सडक फराकिलो बनाउन थालिएको छ ।
सडक चौडा बनाउने कामको थालनी गरिएको र दुई ठेकेदार कम्पनीहरुले काम शुरु गरेको आयोजना प्रमुख यादवले जानकारी दिनुभयो । कर्णाली करिडोर साँघुरो हुँदा यातायात सञ्चालनमा समस्या भएका कारणले फराकिलो पार्न लागिएको प्रमुख यादवले बताए ।
सडक फराकिलो पार्ने पहिलो चरणको काम सुरु भएको छ, उनले भने, अब हुम्लासम्म नै सडक फराकिलो पार्ने काम हुनेछ । करिडोरअन्तर्गतको ४० किलोमिटर कालिकोट खण्ड, ४४ किलोमिटर बाजुरा खण्ड र एक सय १३ किलोमिटर हुम्ला खण्ड रहेको छ । अहिलेसम्म कर्णाली करिडोर निर्माणमा एक अर्ब पाँच करोड ७७ लाख रुपैयाँ खर्च भइसकेको आयोजना कार्यालयले जनाएको छ ।
रासस



पर्वतको मोदी गाउँपालिका चित्रेमा रहेको दुर्गा भवानी प्राथमिक विद्यालयमा एक जना विद्यार्थीलाई पढाउँदै एक शिक्षिका ठाकुकुमारी केसी । विद्यालय आइपुग्न खोला तर्नुपर्ने र यहाँ पुल नबन्दा विद्यार्थी नजिकैको विद्यालय छाडेर टाढाको विद्यालय पढ्न जान बाध्य छन् । *तस्बिरः सुमनजङ्ग थापा/रासस*

# रोकिएन बालविवाह

चितवनको इच्छाकामना गाँउपालिका-५ जौगैराकी पिपला चेपाङले कक्षा ८ मा पढ्दापढ्दै भागेर विवाह गर्नुभयो । पन्ध्र वर्षका उमेरमा विवाह गर्नुभएकी उहाँको एक सन्तान जन्मिसकेको छ । पिपला अहिले १९ वर्षको पुग्नुभयो । तीन वर्षको छोराको स्याहारसुसार र घरायसी काममा नै उहाँको अहिले दैनिकी बित्ने गरेको छ । आर्थिक अभावका कारण खान लाउन धौधौ भएपछि उहाँका श्रीमान् रोजगारीका लागि कुवेत जानुभएको छ । “सानोमा बिहे गर्नु हुँदैन भन्ने थाहा त थियो तर गरियो, अहिले आएर पछुतो लाग्छ”, चेपाङले भन्नुभयो । उहाँसँगै जौगैराकै सुनिता, गीता र लालमाया चेपाङको पनि १४/१५ वर्षका उमेरमा नै विवाह भएको छ । उनीहरु सबैको बालबच्चा भइसक्यो । बालविवाह कानुनतः बर्जित छ तर चेपाङ समुदायमा चेतना अभाव, गरिबीलगायतका कारण बालविवाह हुँदै आएको छ । सत्र वर्षकी सुनिता चेपाङको पहिलो सन्तान जन्मिसकेको छ भने पुनःगर्भवती हुनुहुन्छ । उहाँले कक्षा ५ पढ्दै गर्दा बिहे गरेपछि विद्यालय जान बन्द भयो । चौध वर्षमा नै बिहे गर्नुभएकी उहाँलाई ख्यालख्यालमै बिहे गरेको जस्तो लाग्छ अचेल । “पल्लो गाउँमा लागेको मेला हेर्न जाँदा मन परेर भागियो उहाँ भन्नुहुन्छ”, पहिलो भेटमा नै बिहे गरेको हुँ ।” १७ वर्षकी गीता चेपाङको बिहे गरेको तीन वर्ष भयो । उहाँका दुई सन्तान छन् । उहाँको पनि १५ वर्षको उमेरमा बिहे भएको थियो । जौगैराकी लालमाया चेपाङका एक छोरा र छोरी छन् । उहाँले पनि १४ वर्षको उमेरमा बिहे भएको बताउनुहुन्छ । जौगैराकै माया चेपाङले ४० वर्षको उमेरमा आठ सन्तानलाई जन्म दिनुभयो । जन्मेका मध्ये छ सन्तान मात्र उहाँको साथमा छन् । दुई सन्तानको जन्मेको चार/पाँच महिनामै मृत्यु भयो । १४ वर्षको उमेरमा बिहे गर्नुभएकी उहाँको ठूलो छोरा २० भइसक्यो भने सानो साढे चार वर्षकी छोरी । उहाँ अब सन्तान नजन्माउने सोचमा हुनुहुन्छ । तर श्रीमान्ले कर गरेका कारण धेरै सन्तान जन्माएको उहाँ बताउनुहुन्छ । “अहिले आएर सानो उमेरमा बिहे गर्ने र धेरै सन्तान जन्माउने ठीक होइन भन्ने लाग्छ”, उहाँले भन्नुभयो, “दुःख पाइँदोरहेछ ।” उहाँले गाउँमा आउने स्वास्थ्य स्वयंसेविकाले भनेपछि धेरै कुरा आफूहरुले थाहा पाएको बताउनुभयो । सानो उमेरमा बिहे र धेरै बच्चा जन्माएका कारण आफ्नो स्वास्थ्यसमेत कमजोर भएको उहाँको भनाइ छ । पामडाँडा स्वास्थ्यचौकीका इन्चार्ज चन्द्रबहादुर गुरुङ कम उमेरका चेपाङ किशोरी गर्भवती जाँचका लागि आउने गरेको बताउनुभयो । तीमध्ये अधिकांश चेपाङ र जनजाति समुदायका छन् । विवाह गर्न कम्तीमा २० वर्ष पुग्नुपर्छ । कतिपय चेपाङ किशोरी पहिलोपटक रजस्वला हुनासाथ गर्भवती बन्नुपर्ने बाध्यता छ । “गाउँभरि आफन्त, छरछिमेक सबैको सानैमा बिहे भएको देखेका हुन्छन् अनि ख्यालख्यालमै बिहे गरिहाल्छन्”, उहाँ भन्नुहुन्छ, “कोही चाहिँ साच्चै बाध्यतामा परेर पनि गर्छन् ।” बुबाले अर्को श्रीमती ल्याएको हुन्छ, आमा अर्कोसँग बिहे गरेर गएको हुन्छ । सौतेनी बुबाआमाले हेलाँ गर्छन् अनि केटा भए एउटी केटी खोजेर घरजम गरिहाल्छ, केटी भए एउटा केटा खोजेर गइहाल्छन् ।” चेपाङ गाउँमा बुबाले अर्की श्रीमती ल्याउने, आमा पोइल जाने परम्परा जटिल समस्याका रूपमा रहेको छ । यसले कलिला बालबालिकाको भविष्य नराम्ररी बिगार्ने गरेको उहाँको भनाइ छ । इच्छाकामना गाउँपालिका-५ मा रहेको राष्ट्रिय आधारभूत विद्यालय पामडाँडाका प्राचार्य यानबहादुर गुरुङ विद्यालयस्तरमा जति नै प्रयास गर्दा पनि बालविवाह कम गर्न नसकिएको बताउनुभयो । उहाँले भन्नुभयो, “मैले शिक्षण पेसा गर्न थालेको २५ वर्ष भयो, अहिले पनि यो समुदायमा बालविवाह उस्तै छ ।” उहाँले ५/६ कक्षामा पढ्दापढ्दै विद्यार्थीले बिहे गर्ने गरेको बताउनुभयो । चेपाङ समुदायका बालबालिका भोजभतेरमा जाने, चिनजान हुने र त्यहीबाटै भाग्ने प्रचलन रहेको उहाँले बताउनुभयो । बालविवाहसम्बन्धी चेतना अभिभावकमा पनि नहुँदा समस्या भएको उहाँको भनाइ छ । उहाँले अझै पनि चेपाङ समुदायको बस्तीमै चेतनामूलक र शिक्षामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुहुन्छ । इच्छाकामना गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख वासुदेव सापकोटा बालविवाहका कारण यो समुदायका बालबालिका गम्भीर प्रकृतिको समस्याको सिकार बन्ने गरेको बताउनुभयो । “सानो उमेरका महिलाको शारीरिक विकास तथा अन्य कुरामा परिपक्वाता आएको हुँदैन । कम उमेरमा विवाह गर्दा अपरिपक्वाताले समस्या निम्त्याउँछ”, उहाँले भन्नुभयो । आमा र बच्चा दुवैको ज्यान जोखिममा हुन्छ भने जन्मिएको बच्चा पनि लुलो लङ्गडो, अपाङ्गता भएका, सुस्तमनस्थितिको हुनसक्छ । गर्भ तुहिने सम्भावना बढी हुन्छ । शारीरिक र मानसिकरुपमा आमाको वृद्धिविकास भएको हुँदैन । उहाँले गाउँपालिकाले स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयंसेविकामार्फत गाउँगाउँमा अभियान सञ्चालन गरिरहेको बताउनुभयो । इच्छाकामना -६ का वडाध्यक्ष लक्ष्मण प्रजा सही उमेरमा सही शिक्षा लिन नसक्दा चेपाङ समुदायमा बालविवाह कम हुन नसकेको बताउनुभयो । “चेपाङ समुदायमा सानै उमेरमा विवाह गर्नुको एउटा मुख्य कारण गरिबी पनि हो”, उहाँले भन्नुभयो, “घरको परिस्थितिका कारण पेटभरी खान पाइन्छ भनेर पनि विवाह गरेका पाइएको छ ।”

“भौगोलिक विकटताका कारण पढ्ने उमेर घरमै बित्छ, जसका कारण उनीहरु बिहे गर्न हतार गर्छन्”, वडाध्यक्ष प्रजाले भन्नुभयो, “चेपाङ समुदायमा बालविवाहसम्बन्धी चेतानामूलक कार्यक्रम न सरकारीस्तरबाट भएको छ न गैरसरकारी संस्थाबाट बालविवाहसम्बन्धी यथार्थ तथ्याङ्कसमेत नरहेको उहाँले बताउनुभयो । उहाँले जनप्रतिनिधिका रुपमा स्थानीयस्तरमा सचेतना फैलाए पनि पर्याप्त नभएको बताउनुभयो ।

“स्थानीयस्तरमा सामाजिक सशक्तीकरणभन्दा पनि भौतिक विकासलाई प्राथमिकता दिइने गरेको छ”, उहाँले भन्नुभयो”, टोल बस्तीमा पनि यस्ता योजना प्राथमिकतामा पर्दैनन् ।” रासस

## को हुने हुन् मधेशका ...........

प्रदेशका सभापति समेत रहेका कृष्णप्रसाद यादव, पुर्व मन्त्री रामसरोज यादव, प्रदेशका उपसभापति विरेन्द्र प्रसाद सिंहले मुख्यमन्त्री पदका लागि आन्तरिक रुपमा दाबेदारी गर्दै पहल शुरु गरिसकेका छन ।

मधेश प्रदेश सभपाति कृष्णप्रसाद यादवले पार्टीको प्रदेश सभापति भएको हैसियतले म नै मुख्यमन्त्री पदको प्रबल दाबेदार हुँ बताएका छन । आफ्नै नेतृत्वमा सरकार बने राम्रो हुनेछ, तर त्यसका लागि संसदीय दलको नेता चयन प्रक्रिया हुन्छ । त्यसमा जसले बहुमत पुर्‍याउँछ त्यही नै मुख्यमन्त्री बन्ने हो । उता प्रतिपक्षी गठबन्धनबाट नेकपा (एमाले) का मधेस प्रदेश सहइञ्चार्ज सुमनराज प्याकुरेल पहिलो दलका हिसाबले आफ्नो पार्टीको सरकार बन्नुपर्ने हो, बहुमतका लागि अन्य दलहरुसँग कुरा भइरहेको छ । ती दलमा मुख्यमन्त्रीका लागि डा.सरोज यादव, रामचन्द्र मण्डल, राजकुमार लेखीको नाम चर्चामा छ । जसपाबाट समेत वर्तमान मुख्यमन्त्री लालबाबु राउत र रामआशिष यादवको नाम चर्चामा रहेको छ भने लोसपाका जितेन्द्र सोनलले समेत आफ्नो दाबेदारी गरेका छन । यस्तै जनमत पार्टीले आफू एकल रुपमा १३ वटा सिट ल्याएकोमा सैद्धान्तिक रुपमा आफ्नै पार्टीले नेतृत्व पाउने दाबी गरिरहेका छन । जनमत पार्टीबाट सतिशकुमार सिंहको नाम चर्चामा रहेका छन ।

## बजेटमा समावेश कार्यक्रमको ........

छरितोपना ल्याउँनका लागि कार्यालयलाई प्रविधि मैत्री बनाउनु पर्नेमा जोड दिए । सहसचिव उत्तरकुमार खत्रीले अब नयाँ सरकार गठन भएसँगै तत्काल जनताको निम्ति सेवा सुविधाबारे योजना बनाउन निर्देशन दिए । राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सिद्धराज राईले पछिल्लो समयमा राससले आफ्नो सेवा विस्तारसँगै ग्राहक सङ्ख्यामा वृद्धि गर्दै लगेको जानकारी दिए ।

राईले भने “राससले अहिले रु ५२ लाख बक्यौता रकम उठाएको छ, सरकारका विषयवस्तुसँगै जनताका विषयवस्तुलाई गुणस्तरीय समाचारको रुपमा सम्प्रेषण गरेको छ, भिडियो सेवा सुरु गरेदेखि राससप्रति ग्राहकको चासो पनि बढेको छ, ग्राहकको सङ्ख्या अहिले तीन सयबाट पाँच सय पुगेको छ ।” उनले आगामी दिनमा राससको सेवालाई २४ घण्टे सेवाको रुपमा अगाडि बढाउनुका साथै एक हजारसम्म ग्राहक सङ्ख्या पुर्‍याउने योजनासमेत सुनाउनुभयो । समीक्षा बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, गोरखापत्र संस्थानका अध्यक्ष विष्णु सुवेदी र विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाई लगायतको उपस्थिति थियो । (रासस)

## जग्गा विवादमा एकको ................

समूहले घरेलु हतियार प्रहार गर्दा प्रभु यादवको मृत्यु भएको र सो घटनामा परी मृतककै परिवारका ३ जना घाइते समेत भएको छन् ।' घाइते हुनेहरुमा प्रभुका जेठो छोरा जगरनाथ यादव, माहिलो छोरा सन्तोष यादव र कान्छो आशोक यादव रहेका छन् ।

घाइते सन्तोष यादवको टाउकोमा १८ वटा टाँका लगाइएको छ भने एउटा हातका दुईवटा औंला काटिएका छन् । उनीहरुको प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

यसैबीच प्रभुको हत्या आरोपमा प्रहरीले स्थानीय ४१ वर्षीय लालबाबु यादव र ३१ वर्षीय सुरेश यादवलाई पक्राउ गरेका छन् । पक्राउ परेका दुवैजना विरुद्ध कर्तव्य ज्यान कसुरमा म्याद थप गरेर अनुसन्धान अघि बढाइएको जिप्रका धनुषाले जनाएको छ ।

यसअघि घटनाको अनुसन्धानको क्रममा प्रहरीले सोधपुछका लागि ६ जनालाई पक्राउ गरेका थिए । वास्तविक दोषी पता नलागेको कारण पक्राउ गरेकाहरुको अन्यको पहिचान प्रहरीले खुलाएन । उता घटना बारे मृतक प्रभुका छोरा अशोक भन्छन् 'राति करीब साढे ८ बजेतिर घरमा खाना खाएर बुबा दैलोमा आगो ताप्न बसेको बेला सुरज यादवसहित १० जनाको समूहले बञ्चरो, खुकुरीसहित आक्रमण गर्दा चिच्याउनु भयो । हामी आगनबाट दौडेर आउँदा हामीमाथि पनि आक्रमण गरियो ।' आत्रमणबाट बुबाको त्यहीँ मृत्यु भएको अशोक बताउँछन् । 'हामी घाइते भयौं । के कति कारणले हामीमाथि आक्रमण गरिएको थाहा भएन' उनी भन्छन् ।

## नागरिकताका लागि.......................................

जनकपुरधाममा प्रेस चौतारी धनुषाद्वाराआयोजित पत्रकार सम्मेलनमा सचिव महासेठले भने, ' मधेशमा ६/७ लाखको संख्यामा रहेका जन्मसिद्ध नागरिकका छोराछोरीले नागरिकता आभावमा पढ्न पाइरहेका छैनन्, रोजगारबाट वंचित लगायतका समस्या भोगिरहेकाले अविलम्ब नागरिकतन पाउनुपर्छ ।' अब बन्ने सरकारले तीन महिनाभित्र तिनीहरुलाई नागरिकता नदिए नेकपा एमालेको चुप लागेर बस्नेवाला नबस्ने दाबि गर्दै महतो भन्छन् हामी मधेशभरि नै आन्दोलन गर्छौं ।'

महासेठ मधेशमा एमाले नै नागरिकता विरोधी रहेको भन्ने भ्रम फैलाइएको बताउँदै महासेठले भने ' वास्तविकतामा नागरिकता विरोधी एमाले होइन, नेपाली कांग्रेस हो ।' एमाले नागरिकता समस्या समाधान गर्न नागरिकता विधेयक ल्याएको तर कांग्रेसको अवरोधका कारण सफल हुन नसकेको बताए । अध्यादेश मार्फत समस्या समाधान गर्न खोज्दा नेपाली कांग्रेसकै वकिलहरुले सर्वोच्च मुद्दा हालेर रोक्न लगाएको महासेठले बताए ।

संसदको बहुमतले पारित गरेर लालमोहरका लागि राष्ट्रपति समक्ष पठाएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले लालमोहर नलागेको नागरिकता माथीको पछिल्लो राजनीति बारे महासेठले चर्चा गरेनन् ।

सरकार निर्माणका लागि नेकपा माओवादी केन्द्र र नेकपा समाजवादी पार्टीसंग कुनैपनि हालतमा बाम एकता हुन नसक्ने महासेठले बताए । उनले भने 'सरकार गठनका लागि वामदलहरु बिच समीकरण बनाउने कुरो निराधार छ । माओवादीका प्रचण्ड र नेकपा एसका माधव नेपाल कम्युनिष्ट नभई शेरबहादुर देउवाका दास हुन् र दास प्रवृतिका व्यक्तिसँग बाम एकता हुन सक्दैन्।'

सरकार बनाउने बारे उनले भने 'एमाले दोस्रो ठूलो दल बनेको छ, ५ दलिय गठबन्धनले के गर्छ त्यसकै प्रतीक्षामा हामी छौ, त्यसपछि मात्रै मन मिल्ने दलसंग कुरो अगाडि बढाउने छौ ।'

सरकार बनाउन आफूहरुले देशका लागि काम गर्नसक्ने, विचार र सिद्धान्त मिल्ने दलहरुसँग कुरा गर्ने तर माओवादी र नेकपा एससँग अहिले तालमेल गर्ने एमालेको अहिले कुनै योजना नरहेको उनको दाबी छ ।

जसपासँग सहकार्य हुनसक्ने बारे प्रष्टयाउँदै उनले भने 'जसपासँग एमालेको गठबन्धन होइन, चुनावी तालमेल मात्रै भएको हो । उनीहरु सरकार निर्माणमा तालमेल गरे ठिकै छ नभए हामी प्रतिपक्षमा बस्नेछौं ।

प्रेस चौतारी धनुषाका अध्यक्ष अवधेश कामतको अध्यक्षतामा सम्पन्न सो पत्रकार सम्मेलनमा एमालेका नेता शिवशंकर साह हिरा, धनुषा क्षेत्र नं. ३ (१) का प्रत्याशी सन्तोष यादव लगायतका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# सात गाउँले जात्रा सुरु

राजधानीको दक्षिण पश्चिम क्षेत्रकै प्रमुख पर्वमध्येको सातगाउँले जात्रा आजदेखि सुरु भएको छ । यो पर्व कीर्तिपुरको इन्द्रायणी रथ यात्राबाट सुरु हुन्छ । यसक्रममा पाँगाको बालकुमारी र विष्णु देवीको रथ यात्रा हुँदै चन्द्रागिरि नगरपालिका-१५ स्थित बल्खु किनारमा रहेको विष्णुदेवी मन्दिर परिसरमा वरपरका गाउँका शक्ति पीठबाट रथयात्रा गराइन्छ । परम्पराअनुसार सातगाउँका शक्तिपीठमध्ये बल्खुकी विष्णुदेवीलाई आमा र मच्छेगाउँ, बोसीगाउँ, सतुङ्गलका शक्तिपीठ र भैरवलाई उनका सन्तान मानिन्छ ।

आमालाई भेट्न हरेक वर्ष मङ्सिर शुल्क नवमीका दिन सन्तानहरु आउने विश्वासअनुसार अगामी शनिबार बिहानै सबै गाउँको रथ बल्खु सम्बद्ध गुठीयार र गाउँले बाजागाजा ल्याउँछ । त्यस यात्रा हेर्नका लागि उपत्यकाका सबै ठाउँका नेवार समुदाय बल्खु पुग्ने गर्छन् । सोही दिन कीर्तिपुरमा इन्द्रायणी जात्रा र पाँगाको दुई स्थानमा विष्णुदेवी र बालकुमारी रथयात्रा हुने गर्छ । आमा मानिने विष्णुदेवीलाई भेट्न सन्तानहरुबीचमा उछिन पाछिन भएको किंवदन्तीअनुसार रथयात्राको क्रम चल्ने स्थानीय देवलाल श्रेष्ठ बताउँछन् । भेटघाट सुरु भएको वर्ष क्रमअनुसार जेठी छोरी मानिने मच्छेगाउँकी देवीको रथ पुग्नुपर्नेमा आमा भेट्नका लागि कान्छी छोरीअर्थात् सतुङ्गलकी देवी बिना श्रृङ्गार बल्खु पुगेकी थिइन् र मच्छेगाउँकी देवी भने श्रृङ्गारसहित केहीपछि पुग्दा बहिनी पहिले नै पुगिसकेको देखेपछि आमातर्फ पीठ फर्काएर बाहिरै बसिन् । यसैअनुरुप बल्खुमा सतुङ्गलकी देवीको रथ बिना गरगहना पहिल्यै पुर्‍याइन्छ भने मच्छेगाउँकी देवीको रथ मन्दिर बाहिरै पीठ फर्काएर राखिन्छ । रथ पुर्‍याएपछि दिनभर पूजाआजा गरी पुनः सम्बद्ध गाउँमा जात्रासहित फर्काउने परम्परा रही आएको छ । जात्राको प्रमुखस्थल बल्खुको नाम पनि शक्तिपीठसम्बन्धी किंवदन्तीसँग जोडिएको छ । राजधानीको पश्चिममा रहेकी तान्त्रिक देवी 'लुङ्टीअजिमा' इन्द्रायणी देवीको पीठमा बाला चतुर्दशीका दिन हवन (होम) गर्दा भँगेरा, सर्प, परेवा, आदिको जोडी हवन गरिएकोमा एक वर्ष हवन गरी चढाएका एक जोडी परेवा बाहिर उडी गएको र तिनै परेवा बसेको ठाउँलाई नै बखु भनिएको हो । यसरी परेवा उडी कीर्तिपुरको पश्चिमतर्फ (हाल बल्खु) तिर गएपछि त्यहाँ परेवा आहुति दिन छोडिएको जनविश्वास छ । स्थानीय मङ्गलदास श्रेष्ठका अनुसार नेपाल भाषामा 'बखु' को अर्थ परेवा हुन्छ । उडेर हराएका परेवा त्यस क्षेत्रमा धेरै समयसम्म खोज्दा पनि भेटाउन नसकिएकाले 'बखु मदु' (परेवा नभएको) स्थान भन्न थालियो त्यसको अपभ्रंस भई हाल यस ठाउँलाई बल्खु भनिएको उहाँको भनाइ छ । त्यसै स्थानमा वरपरका सबै नेवार बस्तीमा विष्णुदेवी, इन्द्रायणी, ब्रह्मायणी, माहेश्वरी, कुमारी, बाराही, सिंहिनी, ब्याघ्रिनी, गणेश, भैरव, अष्टमात्रिकाको पूजा गरिन्छ ।

स्थानीय नेवार समुदायको प्रमुख पर्व भएकाले सातै गाउँमा घरको सरसफाइ, पाहुना पासाको आगमन र पूजाको तयारी सुरु भएको छ । यसै अवसरमा नेवारी बाजाको टोली तयार गर्ने काम करिब एक साताअघि सुरु भएको थियो । मच्छेगाउँका स्थानीय देवकुमार देशारका अनुसार नेपाल भाषामा मुःय भनिने आजका मन्दिरमा राखिएको रथलाई रथयात्रा सुरु हुने मण्डपमा ल्याई सरसफाइ र रङरोगन गरिन्छ । साथै अतिथिको स्वागत र परम्परागत नेवारी खाना पकाउने काम घरघरमा सुरु भएको छ । सिंगारिएको रथमा देवीदेवताको प्रतिमा राख्ने र सबै गाउँलेबाट पूजा गराउने काम गरी सिन्दूरे जात्रासहित बल्खुमा लगिने उहाँले जानकारी दिनुभयो । रासस

# खोटाङको हलेसीमा सौर्यबत्ती जडान

प्रसिद्ध त्रिधार्मिकस्थल हलेसी मन्दिर परिसरमा सौर्यबत्ती जडान गरिएको छ । उज्यालो हलेसी कार्यक्रमअन्तर्गत प्रदेश नं १ सरकार, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयको रु १० लाख लागतमा मन्दिर परिसरको २६ ठाउँमा सौर्यबत्ती जडान गरिएको हो ।

बत्ती नहुँदा भक्तजनलाई असहज भइरहेको अवस्थालाई ध्यानमा राखेर सौर्यबत्ती जडान गरेर सञ्चालनमा ल्याइएको हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानका वडाध्यक्ष एवं नगर प्रवक्ता कमल गिरीले जानकारी दिनुभयो । महेन्द्रोद्धय माविको छानामा १२ थान सोलार प्यानल राखेर सौर्यबत्तीको व्यवस्था गरिएको छ । सौर्यबत्ती जडानपछि मर्मतसम्भार र सुरक्षाको जिम्मा नगरपालिकाले गर्नुपर्ने छ ।

उज्यालो हलेसी कार्यक्रमअन्तर्गत नै प्रदेश सरकार, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयको रु एक करोडमा एक सय २६ सौर्यबत्ती जडान गर्ने तयारी भइरहेको गिरीले जानकारी दिनुभयो । हिन्दू, बौद्ध र किराँत धर्मावलम्बीको सङ्गमस्थल हलेसी आउने दर्शनार्थी तथा भक्तजनको सहजताका लागि उज्यालो कार्यक्रम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले रु सात लाखमा ११ ठाउँमा सिसीक्यामेरासमेत जडान गरेको छ । हलेसीमा रामनवमीको अवसरमा १५ दिन, शिवरात्रिमा पाँच दिन, बालाचतुर्दशी तथा हरितालिका तीजमा तीन-तीन दिन तथा बोलबमको अवसरमा साउन महिनाको हरेक सोमबार ठूलो मेला लाग्छ ।

हलेसीको समग्र विकासका लागि गुरुयोजना निर्माणको काम भइरहेको छ । रासस





क्युविन–अमेरिकन कलकार रुवेन मिलारेश र एन्टोनी राइटले मिएमी आर्ट सप्ताहमा राखिएको आकृती अवलोकन गर्दै । नागरिक अधिकारलाई कसरी देखाएको आकृती जस्तै बार लगाएर अवरोध गरिन्छ भन्ने भाव छ ।
*तस्विर : एपि, रासस*

विश्वकप फुटवलः

# जापान र स्पेन नकआउट चरणमा, जर्मनी बाहिरियो

काठमाडौं, मंसिर १६ ।
कतारमा जारी फिफा विश्वकप फुटवल २०२२ अन्तर्गत समूह 'इ'बाट जापान र स्पेन नकआउट चरणमा प्रवेश गरेका छन् ।
समूह चरण अन्तर्गत भएका अन्तिम खेलपछि ६ अङ्का साथ जापान समूह विजेता बन्दै नकआउट चरणमा प्रवेश गरेको छ भने चार अङ्क जोडेको स्पेन उपविजेतामा सीमित भयो । स्पेनसँग समान चार अङ्क हुँदा पनि जर्मनी भने नकआउट चरणमा प्रवेश गर्न सकेन ।
समूह चरणको अन्तिम खेलमा ४–२ को गोल अन्तरले कोस्टारिकामाथि जित हासिल गरेपनि जर्मनी समूह चरणबाट बाहिरियो । स्पेनविरुद्धको खेलमा जापानको जितसँगै जर्मनीको नकआउट चरणमा प्रवेश गर्ने योजना सफल हुन सकेन भने कोस्टारिका तीन अङ्का साथ पुच्छारमा रहँदै समूह चरणबाट बाहिरियो ।
जापान र स्पेनबीचको खेलको ११औं मिनेटमा स्पेनका लागि अल्भारो मोराताले गोल गर्दै स्पेनलाई अग्रता दिलाए । खेलको ४८औं मिनेटमा जापानका लागि रित्सु दोआनले गोल गर्दै खेल बराबरीमा ल्याए भने त्यसको तीन मिनेटपछि अर्थात खेलको ५१औं मिनेटमा ओ तानाकाले गोल गरेपछि जापानले २–१ को अग्रता लियो । खेलमा त्यसपछि कुनै गोल हुन सकेन र जापान समूह विजेता बन्न सफल भयो । सोही समूहको भएको अर्को खेलमा जर्मनी ४–२ गोल अन्तरले कोस्टारिकालाई पराजित गर्न सफल भयो । जर्मनीका लागि खेलको १०औं मिनेटमा सर्ज जनाब्रीले गोल गर्दै खेलमा अग्रता दिलाए ।
खेलको ५८औं मिनेटमा कोस्टारिकाका लागि एल्टसिन तेजेदाले गोल गर्दै खेल बराबरीमा ल्याए भने जुआन प्याब्लोले ७०औं मिनेटमा गोल गर्दै कोस्टारिकालाई २–१ को अग्रता दिलाए ।
जर्मनीका लागि काइ हार्भर्टजले ७३औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याए भने ८५औं मिनेटमा दोस्रो गोल गर्दै जर्मनीलाई खेलमा ३–२ को अग्रता दिलाए । साथै, खेलको ८९औं मिनेटमा निक्लास फुल्करुगले गोल गर्दै जर्मनीको जित सुनिश्चित गरे ।




# युक्रेन युद्धले युरोप “पर्याप्त शक्तिशाली छैन”

फिनल्याण्ड, मंसिर १६ ।
फिनल्याण्डका प्रधानमन्त्री सान्ना मरिनले युक्रेनविरुद्ध रूसले गरेको आक्रमणपछि युरोपको क्षमतावारे मूल्याङ्कन गर्दै मस्कोविरुद्ध एक्लै उभिन युरोप पर्याप्त बलियो नभएको बताएका छन् ।
अस्ट्रेलियाको भ्रमणमा रहेका नेटो सदस्य राष्ट्रका नेताले भ्लादिमिर पुटिनको आक्रमण र छिमेकी युक्रेनमाथिको कब्जाले रूससँग व्यवहार गर्ने 'युरोपेली कमजोरी र रणनीतिक भूल' दुवैलाई उजागर गरेको बताए । “म तपाईंसँग धेरै इमानदार हुनुपर्छ, निर्ममतापूर्वक इमानदार हुनुपर्छ, युरोप अहिले पर्याप्तरूपमा शक्तिशाली छैन । हामी संयुक्त राज्य अमेरिका विना समस्यामा पर्नेछौं,” उहाँले सिड्नीको लोवी इन्स्टिच्युटका थिङ्क ट्याङ्कसँगको छलफलमा भने । मारिनले युक्रेनलाई युद्ध जित्नका लागि 'जे चाहिए पनि' दिनुपर्नेमा जोड दिँदै



युद्धमा रूसको सफलतालाई निस्तेज पार्न आवश्यक हतियार, आर्थिक र मानवीय सहायता उपलब्ध गराउन अमेरिकाले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।
उनले भने, “हामीले युरोपेली रक्षा र युरोपेली रक्षा प्रणालीको कुरा गर्दा यो सुनिश्चित गर्नु पर्दछ आवश्यक ती क्षमताहरू पनि निर्माण गरिरहेका छौं र हामी विभिन्न प्रकारका परिस्थितिहरूको सामना गर्न सक्छौं ।” फिनल्याण्डले लगभग १०५ वर्षअघि रूसबाट स्वतन्त्रता प्राप्त गरेको थियो र आक्रमणकारी सोभियत सेनालाई ठूलो सङ्ख्यामा मारिएको भए तापनि त्यसको केही समयपछि रूसले फिनल्याण्डको ठूलो जनधनको क्षति पुऱ्याएको थियो ।
फिनल्याण्डका ३७ वर्षीय नेताले पुटिनसँगको सम्बन्धको महत्वमा जोड दिने युरोपेली सङ्घको नीतिको निन्दा गर्दै सोभियत सङ्घको पतनपूर्वका सङ्घका सदस्य राष्ट्रहरूको कुरा सुन्नुपर्ने बताउनुभयो । सन् २००४ मा युरोपेली सङ्घमा सामेल भएदेखि नै इस्टोनिया र पोल्याण्डजस्ता देशले रूसका सदस्य राष्ट्रलाई पुटिनविरुद्ध कडा कदम चाल्न आग्रह गर्दै आएका छन् ।
“हामीले बाल्टिक र पोलिस साथीहरूको कुरा धेरै चाँडो सुन्नुपर्थ्यो,” मरिनले भन्नुभयो । उनले थपे, “लामो समयदेखि युरोपले रूससँग हाम्रो आर्थिक सम्बन्ध बन्द गर्ने, रुसबाट ऊर्जा किन्ने रणनीति बनाइरहेको थियो । हामीले सोचेका थियौं कि यसले युद्धलाई रोक्नेछ । तर यो दृष्टिकोण 'पूर्णतया गलत साबित भएको' छ ।” रूसीहरूलाई आर्थिक सम्बन्ध र प्रतिबन्धको कुनै वास्ता नभएको उनको भनाइ थियो ।

# सिरियाली शरणार्थीको स्वदेश फिर्तीका लागि आग्रह

लेवनान, मंसिर १६ ।
लेवनानले सिरियाली शरणार्थीलाई सुरक्षित स्वदेश फर्काउन संयुक्त राष्ट्रसङ्घले लेवनानी अधिकारीलाई सहयोग गर्नुपर्ने बताएको छ ।
लेवनानका कार्यवाहक प्रधानमन्त्री नजिब मिकातीले संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) फिलिपो ग्रान्डीसँग ग्रान्ड सेराइलमा भने, “लेवनानसँग शरणार्थी मामिलाको परिणाम सहन सक्ने आर्थिक र राजनीतिक क्षमता छैन यो मुद्दा लेवनानका लागि दवावको कारक बनेको छ ।” मिकातीले भन्नुभयो, “यस चरणको प्राथमिकता विस्थापित सिरियालीहरूलाई क्रमशः उनीहरूको देशमा फर्काउने हो किनकि सिरियामा स्थिति स्थिर भएको छ ।
उक्त अवसरमा ग्रान्डीले मिकातीसँग ठूलो सङ्ख्यामा सिरियाली शरणार्थीहरूलाई होस्ट गर्न लेवनानमाथि थोपरिएको अविश्वसनीय दवावको बारेमा सहमति व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घले लेवनानी जनता र देशका सबैका लागि आफ्नो मानवीय सहयोग बढाउने आश्वासन दिए ।
ग्रान्डीले युएनएचसीआरले सिरियाली अधिकारीहरूसँग मिलेरसिरियालीशरणार्थीहरूलाई उनीहरूको मातृभूमिमा फर्कनबाट रोक्न भएको अवरोधहरू हटाउन काम गरिरहेको बताउँदै केही चुनौतीहरूमा भत्किएका घरहरू र कठिन आर्थिक स्थिति समावेश रहेको बताए ।
उनले भने, “हामीले केही प्रगति गरेका छौं, तर फर्कने निर्णयमा विश्वस्त हुन अझै धेरै काम गर्न बाँकी छ । कतिपय स्थानका शरणार्थी फिर्ता गर्नका लागि उनीहरूको घर भत्किएकोले समस्या भएको छ ।” सरकारले लेवनानमा २० लाख सिरियाली शरणार्थी रहेको अनुमान गरेको छ ।

गुजरातमा चुनाव

# ६० प्रतिशतभन्दा बढी मतदान

नयाँदिल्ली, मंसिर १६ ।
भारतको गुजरात विधानसभा चुनावको पहिलो चरणमा ६० प्रतिशतभन्दा बढी मतदान भएको छ ।
गुजरातका मुख्य निर्वाचन अधिकृत पी भारतीले मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको जानकारी दिए । निर्वाचन आयोगको पछिल्लो तथ्याङ्क अनुसार बिहीवार सम्पन्न निर्वाचनमा ६० दशमलव ४७ प्रतिशत मत खसेको छ ।
विहान ८ बजेदेखि साँझ ५ बजेसम्म चलेको मतदानमा नर्मदा जिल्लामा सबैभन्दा बढी ७३.०२ प्रतिशत मत खसेको छ भने तापीमा ७२.३२ प्रतिशत मत खसेको छ । तेस्रो सबैभन्दा बढी मतदान मोरवी (६७.६५) मा भएको थियो भने सबैभन्दा कम परवानपुरमा ५३.८४ प्रतिशत मत खसेको छ । गुजरातको विहीवारको मतदानपछि १९ जिल्लाका ८९ निर्वाचन क्षेत्रका ७८८ उम्मेदवारको भाग्य मतपेटिकामित्र कैद भएको छ । मतदानका लागि ८० वर्षभन्दा बढी उमेर समूहका करिब नौ लाख ८० हजार नागरिक रहेका छन् भने १०० वर्षभन्दा बढीका करिब १० हजार मतदाता रहेका छन् ।
आयोगका अनुसार १८ देखि १९ वर्ष उमेर समूहका पाँच लाख ७४ हजार ५६० मतदाता छन् भने ९९ वर्षमाथिका चार हजार ९४५ मतदाता छन् । यहाँ १६३ जना गैर-आवासीय भारतीय मतदाता छन्, जसमध्ये १२५ पुरुष र ३८ महिला छन् । कूल १४ हजार ३८२ मतदान केन्द्रमध्ये शहरी क्षेत्रमा तीन हजार ३११ र ग्रामीण क्षेत्रमा ११ हजार ७१ मतदान केन्द्र रहेका थिए ।
यहाँका प्रमुख दलका प्रभावशाली नेतामध्ये गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले घाटलोडियाबाट, आपका मुख्यमन्त्रीका उम्मेदवार इसुदन गढवी खम्भलियाबाट, पूर्व काङ्ग्रेस नेता तथा भाजपाका हार्दिक पटेल विरमगामबाट प्रतिस्पर्धा गरिरहनुभएको छ भने पूर्व काङ्ग्रेस नेता तथा भाजपाका उम्मेदवार अल्पेश ठाकोर गान्धीनगर दक्षिणबाट चुनावी मैदानमा उत्रेको छ ।
पहिलो चरणमा एक करोड २४ लाख ३३ हजार ३६२ पुरुष र एक करोड १५ लाख लाख ४२ हजार ८११ महिला मतदाता रहेका थिए । दोस्रो चरणको मतदान डिसेम्बर ५ मा हुनेछ भने परिणाम हिमाचल प्रदेशको चुनावसँगै डिसेम्बर ८ मा घोषणा गरिनेछ ।

# चीनमा लगानीका लागि विदेशी कम्पनीलाई स्वागत

बेइजिङ, मंसिर १६ ।
चीनले विदेशी फर्म वा कम्पनीले चीनमा लगानी गर्न चाहेमा यसको स्वागत गरिने चीनले जनाएको छ ।
चीनका प्रधानमन्त्री ली खछ्याङले बिहीबार बेइजिङमा युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिशेलसँग भेटवार्ता गर्दै चीनमा लगानी जारी राख्न विदेशी कम्पनीहरूलाई स्वागत गरेको बताएका छन् ।
लीले दुवै पक्षलाई एकअर्कका लागि थप खुला गर्न आह्वान गर्दै चीन आफ्नो खुलापनको आधारभूत राज्य नीतिप्रति सदैव प्रतिबद्ध रहने बताए ।
यसले बजार-आधारित र कानून-आधारित अन्तर्राष्ट्रिय व्यापार वातावरणलाई बढावा दिन जारी राख्ने र सबै प्रकारका कम्पनीहरूलाई समान र निष्पक्ष रूपमा व्यवहार गर्ने विश्वास गरिएको छ ।
चीनले आफ्नो वित्तीय क्षेत्रलाई निरन्तर खुला गर्ने र योग्य विदेशी संस्थागत लगानीकर्ताहरूबाट थप लगानीलाई



प्रोत्साहित गर्ने र घरेलु वित्तीय स्थिरता कायम गर्ने लीले बताए ।
चीनले चिनियाँ मुद्रा (आरएमबी) को विनिमय दरको आधारभूत स्थिरता कायम गर्न र यसलाई उचित र सन्तुलित स्तरमा राख्न प्रयास गर्ने उनले बताए । “चीन पारस्परिक सम्मान र समानताको आधारमा युरोपेली सङ्घसँग सहयोग बढाउन र चीन-ईयू व्यापक रणनीतिक साझेदारीको सुदृढ र स्थिर विकासलाई बढावा दिन मतभेदहरूलाई उचित तरिकाले सम्बोधन गर्न तयार छ,” प्रधानमन्त्री लीले भने ।
भेटमा दुवै पक्ष स्वतन्त्र व्यापार र अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलाको स्थिरताको रक्षा गर्न र जलवायु परिवर्तन, ऊर्जा सुरक्षा र अन्य विश्वव्यापी चुनौतीहरूलाई संयुक्त रूपमा सम्बोधन गर्न सहमत भएका छन् ।
उनीहरूले युक्रेन सङ्कटबारे विचार आदानप्रदान पनि गरेका थिए । उक्त अवसरमा चीनले शान्तिपूर्ण रूपमा सङ्कट समाधान गर्ने हरेक प्रयासलाई समर्थन गर्ने र रचनात्मक भूमिका निर्वाह गरिरहने चिनियाँ नेता लीले बताए ।
मिसेलले इयुले एक चीन नीति लाई पछ्याएको र ईयू-चीन नेताहरूको पछिल्लो बैठकलाई सफल बनाउन उत्सुक रहेको बताए । मिसेलले चिनियाँ कम्युनिष्ट पार्टीका पूर्व नेता तथा चीनका पूर्वराष्ट्रपति जियाङ जेमिनको निधनप्रति गहिरो समवेदना व्यक्त गरेको छ ।

# 'नेपाल होटल अवार्ड' आयोजना हुने

सेवा क्षेत्रको प्रोत्साहन एवं गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले 'नेपाल होटल अवार्ड-२०२२' आयोजना गरिने भएको छ । आज आयोजित पत्रकार सम्मेलनमा रेण्डर बुकिङ डटकमले आगामी पुस ४ गते अवार्ड समारोह आयोजना गरिने जानकारी दिएको छ । कोभिड-१९ महामारीबाट बढी प्रभावित बनेको पर्यटन क्षेत्रको मनोबल उकास्न र यस क्षेत्रको प्रवर्द्धनका लागि अवार्ड समारोह आयोजना गर्न लागिएको आयोजक रेण्डर डटकमका प्रमुख कार्यकारी अधिकृत नवराज धितालले जानकारी दिनुभयो । उहाँले समारोहले नेपालको सेवा क्षेत्रको प्रोत्साहन, गुणस्तर अभिवृद्धि तथा सेवा प्रवर्द्धनका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नेपालमै पहिलो पटक खुल्ला नोमिनेसन तथा गोप्य र आधुनिक मूल्याङ्कन प्रक्रियाबाट १५ भन्दा बढी विधा रहने गरी अवार्ड समारोह आयोजना गर्न लागिएको छ । चलचित्र कलाकार राजेश हमालको प्रमुख आतिथ्यतामा हुने उक्त समारोहमा देशभरबाट विभिन्न स्तरका एक सयभन्दा बढी होटलले प्रतिस्पर्धा गर्नेछन् । प्रिमियम, डिलक्स र सुपर डिलक्स होटलले नोमिनेसनमा सहभागी हुन सक्नेछन् । कुनै पनि नेपाली संस्थाले नेपाली होटल तथा रिसोर्टहरूलाई खुला नोमिनेसन र उच्च मूल्याङ्कन प्रविधिद्वारा गर्न लागेको यो नै पहिलो पटक भएको आयोजकको दाबी छ । उक्त अवार्डको निष्पक्षतालाई ध्यानमा राखी निर्णायक मण्डल तथा मूल्याङ्कन समितिको नाम पनि गोप्य राखिएको छ । पत्रकार सम्मेलनमा अतिथिका रूपमा सहभागी कलाकार हमालले सेवा क्षेत्र नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार रहेको भन्दै चलायमान बन्दै गरेको मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि अवार्डले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । रासस

# पाकिस्तानमा आर्थिक अवस्था सुधार हुने विश्वास

इस्लामावाद, मंसिर १६ ।
पाकिस्तानका करिब ४५ प्रतिशत नागरिकलाई यहाँको आर्थिक अवस्थामा सुधार आउनेमा विश्वास लागेको हाले सम्पन्न गरिएको एक सर्भेक्षणले देखाएको छ ।
पाकिस्तानमा त्यहाँका नागरिकमा हाले गरिएको सो सर्भेक्षणले सो तथ्य देखिएको प्राप्त समाचारमा जनाइएको छ । आगामी छ महिनामा पाकिस्तानको वर्तमान आर्थिक अवस्थामा सुधार आउने उनीहरुले अनुसन्धानका क्रममा बताएका हुन् ।
त्यहाँको ग्यालप र गिलानीको अनुसन्धानमा उनीहरुलाई पाकिस्तानको अहिलेको आर्थिक अवस्था कस्तो लाग्छ र यसमा सुधार आउँछ कि आउँदैन भन्ने प्रश्न गरिएको थियो । यो प्रश्नको जवाफ दिने क्रममा ४५ प्रतिशतले पाकिस्तानको अहिलेको आर्थिक अवस्था खराब रहेको बताउँदै तर पनि आगामी छ महिनापछि यो अवस्थामा सुधार आउने बताएका हुन् ।
यो प्रश्नको जवाफ दिने क्रममा छ प्रतिशत उत्तरदातोले अहिलेको अवस्था निकै धेरै सुधार आउने बताएका छन् भने अरु ३९ प्रतिशतले पनि सुधार आउने बताएका छन् । तर उक्त सर्भेक्षणमा सहभागीमध्ये सो प्रश्नको जवाफमा २१ प्रतिशत मानिसले अहिलेको अवस्थामा परिवर्तन नै नआउने बताएका थिए भने २३ प्रतिशतले त अहिलेको अवस्था भन्दा पनि झनै खराब हुने बताएका थिए ।
पाकिस्तानमा आर्थिक अवस्था बिग्रिँदै गएको बताइएको छ । यसका कारण यहाँको सरकारले पनि आर्थिक सुधारका विभिन्न कार्यक्रमहरु ल्याउनुपर्ने बताउने गरिएको छ ।

# सहमति कार्यान्वयनका लागि अभिभावकद्वारा प्रदर्शन



मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
नीजि विधालयमा अध्ययनरत विधार्थीका अभिभावकहरुले विगतमा भएको सहमति कार्यान्वयन नभएको भन्दै बीरगंज महानगरपालिकाको कार्यालय अगाडी प्रदर्शन गरेका छन् । प्रदर्शनको क्रममा नाराबाजी गर्दै महानगरपालिकाको कार्यालय भित्र प्रवेश गर्न लागेका व्यक्तिहरुलाई सुरक्षाकर्मी तथा नगर प्रहरीले रोक्न खोजेपछि केही बेर तनाव भएको थियो । प्रदर्शनको क्रममा अभिभावकहरुले महानगरपालिकाको मुख्य प्रवेशद्वारमा क्षति समेत पुर्याएका छन् ।

सुरक्षाकर्मीले भित्र छिर्न नदिएपछि अभिभावक संघर्ष समितिका अध्यक्ष सन्दिप साहको नेतृत्वमा रहेका अभिभावकहरुले नाराबाजी गरेका थिए ।

महानगरपालिकाले गत असोज २५ गते तत्कालका लागि गरेको निर्णय नीजी विधालयले लागु नगरेपछि त्यसबारे ध्यानाकर्षण गराउन जादाँ गेटमै नगर प्रहरी र नेपाल प्रहरीले छिर्न नदिएपछि तनाव भएको समितिका अध्यक्ष संदिप साहले बताए ।

असोज २५ गते महानगरपालिका, निजी विद्यालय र अभिभावक संघ विच नीजी विधालयको बर्गिकरण गरि शुल्क निर्धारण नभए सम्म तत्कालका लागि अभिभावकले गत शैक्षिक सत्रमा तोकिएको शुल्क अनुसार नै शुल्क बुझाउने उल्लेख थियो ।

तर उक्त निर्णय नीजी विधालयहरुले लागु नगरि ४५ प्रतिशत सम्म शुल्क बृद्धि गरि लिने अडान राखेपछि समितिले गत कात्तिक २ र १७ गते महानगरपालिकामा निवेदन दिएका थिए । तर आफुहरुले दुइदुइ पटक निवेदन दिदा समेत कुनै सुनुवाइ नभएपछि शुक्रबार त्यस बारे ध्यानाकर्षण गराउन जाँदा गेटमै सुरक्षाकर्मीले रोकेपछि आफूहरु प्रदर्शन गर्न बाध्य भएको अभिभावकहरुले बताएका छन् । यसैविच वडा प्रहरी कार्यालय वीर्ताका प्रहरी निरिक्षक विशाल मल्लको रोहबरमा दिउँसो महानगरपालिकाको गेटमा अभिभावक सहितको छलफलमा आगामी सोमबार महानगरका मेयर राजेशमान सिंहको सहभागीतामा वार्ता गरेर निकास खोजिने सहमति भएपछि अभिभावकहरु फर्केर गएका थिए ।

यता वीरगन्ज महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्ण अभिभावककै माग अनुसार महानगरले नीजी विधालयहरुको वर्गिकरण गरेर शुल्क निर्धारण गर्ने प्रकृया अन्तिम चरणमा पुगिसकेको बताउँछन् । चुनावका कारण त्यसले मुर्त रुपमा पाउँन नसकेको बताउदै नगर प्रमुख कार्यालयमा आए लगतै शुल्क निर्धारण सम्बन्धी समस्या टुङ्गो लगाउने जानकारी कर्णले दिए ।

# किसानले मल बीउ व्यवस्था गर्ने



मधेशदृष्टि
बारा, मंसिर १६
बारा निर्वाचन क्षेत्र नं ४ का संघीय सांसद किसान श्रेष्ठले कृषकहरुका लागि प्रयाप्त मलको प्रवन्ध गर्न सरकारसँग माग गरेका छन् ।

बारा- ४ मा निर्वाचित भएपछि धन्यवाद ज्ञापन कार्यक्रममा बाराको विश्रामपुर, फेटा, प्रसौनी, परवानीपुरका कृषकहरुले मलको अभाव भएको भन्दै गुनासो गरेका थिए । 'मलको अभाव भयो भनेर मलाई कृषकहरुबाट गुनासो आएपछि तत्कालै मैले प्रधानमन्त्री तथा कृषिमन्त्रीका स्वकिय सचिव भानु देउवा, मुख्य सचिव शंकर बैरागी, कृषि मन्त्रालयका सचिव गोविन्द शर्मा, कृषि साम्रगी लिमिटेडका महाप्रवन्धक राजेन्द्र कार्कीलाई फोन गरेर बारा ४ नं क्षेत्रमा कृषि मल, बिउ, सिंचाईको समस्याको विषयमा जानकारी गराएको छु' संघीय सांसद श्रेष्ठले भने 'हिउँदे खेतिको लागि १/२ दिनमा नै समाधान हुन्छ होला,कृषि साम्रगी केन्द्रले केही दिनभित्रमा बारा ४ नं क्षेत्रको लागि आवश्यक मल उपलब्ध गराउछु भनेर जानकारी गराएको छ' ।

संघीय सांसद श्रेष्ठले बारा निर्वाचन क्षेत्र नं ४ का मतदाताहरुले बाटोघाटो समस्या, विद्यालयहरुमा भवन नभएको,बेरोजगार युवाहरुले रोजगारीको माग गरेको बताएका छन् । 'संसदमा शपथ खाएपछि मेरो वुद्धि विवेकले भ्याएजति आफ्नो निर्वाचन क्षेत्रको विकासको लागि लाग्ने प्रतिवद्वता व्यक्त गर्दछु' श्रेष्ठले भने 'बारा क्षेत्र नं ४ का समाजिक संघ संस्थाहरु, विद्यालय लगायत बारा ४ नं क्षेत्रको समस्याहरुका विषयमा जानकारी लिएर आवश्यक पहल गर्ने,मतदाताहरुको उत्साहलाई निरुत्साहित नहुने र जनप्रतिनिधिको अनुभुती हुनेगरी काम गर्दै जानेछु'

यसअघि प्रसौनी गाँउपालिका वडा नं ७ बन्जरिया स्थित बंगेरी खोलामा झण्डै एक दशकदेखि अलपत्र अवस्थामा रहेको पुलनिमार्ण गर्न पहल गरिदिन स्थानियहरुले संघीय सांसद श्रेष्ठसँग अनुरोध गरेका थिए । संघीय सांसद श्रेष्ठले सो विषयमा सडक विभागको प्रमुख सहितको प्राविधिक टोलीलाई बोलाएर स्थलगत अध्ययन गरेर पुल निमार्णको कार्य शुरु गर्ने जनाएका छन् ।

# सशस्त्रका डिआईजी मगरद्वारा विओपीको उदघाटन



मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
सशस्त्र प्रहरी मधेश प्रदेशका प्रमुख एवं सशस्त्र प्रहरी नायब महानिरिक्षक गणेश ठाडा मगरले शुक्रबार एक कार्यक्रमका विच पर्साको ठोरी गाउँपालिका वडा नम्बर ४ विजय बस्तीमा नव निर्मित सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट (बिओपी ) भवनको उद्घाटन गरेका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मगरले विओपी भवन निर्माण भएसँगै पर्साको ग्रामिण क्षेत्रमा सीमा क्षेत्रबाट हुने अवैध गतिविधि नियन्त्रणमा आउँने विश्वास व्यक्त गरे। स्थानियसँग हातेमालो गर्दै ग्रामिण क्षेत्रमा हुने अपराध नियन्त्रण, चोरी तस्करी, अवैध सीमा वारपार व्यापार नियन्त्रण गर्न सशस्त्र प्रहरी चौविसै घण्टा उच्च सर्तकर्तामा रहने मगरले बताए । कार्यक्रममा सशस्त्र प्रहरीको बिओपी भवन निर्माणका लागि ५ कठ्ठा जग्गामग दान गर्ने जग्गादाता सन्तोष श्रेष्ठलाई डिआइजी मगरले दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा ठोरी गाउँपलिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठ, ठोरी गाउँपालिका वडा नम्बर ४ का अध्यक्ष मान बहादुर थिङ, पर्साका सशस्त्र प्रहरी उपरिक्षक तेज प्रसाद पोखरेल लगायत स्थानिय वासिन्दाहरुको सहभागीता रहेको थियो ।

# दुई मोटर साईकल चोर पक्राउ

मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
वडा प्रहरी कार्यालय विर्ताले २ जना मोटरसाइकल चोरलाई पक्राउ गरेको छ। वीरगञ्जका विभिन्न स्थानबाट मोटरसाइकल चोरी गरी भारतको रक्सौलमा लिएर बेच्दै आएको भन्ने सूचनाको आधारमा खटिएको प्रहरी टोलीले २ जनालाई पक्राउ गरेको हो ।

वीरगञ्जको विर्ता र घण्टाघरबाट चोरी भएको मोटरसाइकल र मोटरसाइकल चोरी गर्न प्रयोग गर्न मास्टर कि सँगै उनीहरुलाई पक्राउ गरिएको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक बिशाल मल्लले जानकारी दिए ।

प्रहरी निरीक्षक मल्लका अनुसार पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर ४ भगवती टोल निवासी २३ वर्षीय विजय कुमार गिरी र वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ रामगढवा निवासी २० वर्षीय कुन्दन साह तेली रहेका छन् ।

उनीहरुको साथबाट ना ३९ प ५४०८ र ना ४६ प ५२८७ नम्बरका चोरी भएको मोटरसाइकल समेत बरामद गरिएको प्रहरी निरीक्षक मल्लले बताए ।

पक्राउ परेका दुवै अभियुक्तलाई चोरी सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# रौतहटका प्रमुख व्यापारी केन्द्रमा पार्किङ्ग समस्या



मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
रौतहट जिल्लाका प्रमुख व्यापारीक केन्द्र तथा बजार क्षेत्रमा पार्किङका सुविधा नहुदा सेवाग्राहीहरु समस्यामा परेका छन् । सेवाग्राहीले जथाभावी सवारी साधन पार्किङ गर्नु पर्ने बाध्यताले सधै बजार क्षेत्र अस्तव्यस्त हुनुको साथै दुर्घटनाको जोखिम पनि बढ्दै गएको छ । रौतहटका प्रमुख बजार गौर, गरुडा, कटहरिया, समनपुर, चन्द्रनिगाहपुर लगायतका स्थानमा रहेका बजारमा पार्किङको व्यवस्थापन हुन नसक्दा समस्या बढदै गएको छ ।

गौर, गरुडा चन्द्रनिगाहपुर लगायतका बजारमा सवारी साधन पार्किङको व्यवस्था नगर्दा आफूहरुले सडकपेटीको छेउमा पार्किङ गर्न बाध्य भएको सवारी चालकहरुले बताएका छन् । रौतहटका बजारहरुमा सवारी साधन पार्किङ गर्नका लागि उचित स्थान नभएको कारण समस्या भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । व्यस्त बजार चन्द्रनिगाहपुरको पुर्व पश्चिम राजमार्गमा मनलाग्दी पार्किङ गरेर राखिने बस तथा ट्रकका कारण पूर्व पश्चिम राजमार्गमै सवारी दुर्घटनाको खतरा बढ्दै जान थालेको स्थानीयहरुले बताएका छन् ।

# रौतहट र सर्लाहीका सीमाक्षेत्रबाट खुलेयाम तस्करी

मधेशदृष्टि
वीरगंज, मंसिर १६ ।
रौतहट र सर्लाहि जिल्लाका विभिन्न नाकाहरुबाट विगत केही समय यता खुला सीमाको कारण तस्करीमा बृद्धि भएको छ । रौतहटको मटिया, लतमरी, औरया बन्जरहा, लक्ष्मीपुर बेलबिछवा तथा ब्रहमपुरी नाका भएर नेपालबाट विभिन्न किसिमका मदिरा, मसुरो दाल, केराउ, चना, स्याउ, सुन्तला भारततिर तस्करी भइरहेको छ ।

यसै गरी भारततिरबाट खाद्य सामग्री, चिनी, दाल, तेल, पाउडर दूध, कपडा तथा रासायनिक मलको तस्करी भइरहेको छ । रासायनिक मल किसानलाई सीमा आसपासमा छुट दिइएको छ । तर किसानकै नाममा मोटरसाइकलमा तस्करहरुले त्यसको फाईदा उठाएका छन् । यता सर्लाहीको बलरा लक्ष्मीपुर, मधुवनी, अर्नाहा,फेन्हारा बहादुरपुर मलगवा , त्रिभुवन नगर, नारायणपुर नाका भएर दैनिक सामान अवैध रुपमा सीमा वारपार भइरहेको छ । भारतबाट नेपालतिर दैनिक रुपमा पोके तस्करले मोटरसाइकल, साइकलमा चामल, दाल, कपड़ा, हार्डवेयरका सामग्रीहरु, चिनी, रासायनिक मल ल्याउने गरेका छन् । नेपालबाट भारततिर बालुवा, गिटी, विभिन्न ब्रान्डका मदिरा, कस्मेटिक विभिन्न सामग्री तस्करी भइरहेको गुनासो छ । नेपालबाट भारततिर सर्लाहीको बलरा र - छतौना नाकाबाट दैनिक पचासौ ट्याक्टर बालुवा गिटी तस्करी भइरहेको स्थानीयको भनाइ छ ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले तस्करीको विषयमा अनभिज्ञता प्रकट गर्दै यस विषयमा नियन्त्रणका लागि सुरक्षाकर्मीलाई तत्काल निर्देशन दिने ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल